Jana Aakash
National Weekly
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

वर्ष-१४ , अंक- ११, २०७८ साल असोज १९ गते मंगलबार (Oct 5, 2021) www.janaakash.com.np मूल्य रु १०।-

# के नेपाल विकास गर्न सकिदैन ?

*मोहन कार्की*




नेपाल सुन्दर प्राकृतिक स्रोत/सौन्दर्य ऐतिहासिक सम्पदा, पौराणिक क्षेत्रहरु, मौलिक सस्कृतिले भरिएको देश हो । वीर पुर्खहरुको वलिदानले निर्मित यो देशमा मेहनत गर्नुपर्छ भन्ने भावनाले ओतप्रोत, देशभक्ति भावना भएका नेपालीहरु छन् । नेपालमा धेरै खालका आम्दानीका स्रोतहरु, विकासका योजना र गर्नसक्ने विविध खालका नयाँ कामहरु नेपालमा नै छन् भनि नेपालका विकासप्रेमी विज्ञहरुले भनिराखेकै छन् । त्यो भनाइको आधारमा र विगतमा गरेका काम र वर्तमानमा गरेका कामहरुको अवस्था हेर्दा विकासको सम्भावना देखिन्छ ।

नेपालले राणसाशन कालमा नै जलविधुतको विकास गरेको थियो, त्यतिवेला नै सरकारी भवनहरु निर्माण गरेर अन्तराष्ट्रियस्तरमा व्यापारिक कामहरु अगाडि बढाएको नेपालले खानी भित्र रहेका फलाम, तामा उत्खनन् गरेको देखिन्छ । अहिले पनि कतिपय ठाउँहरुमा तिनको अवशेष दु:खदायी अवस्थामा बन्द रहेका भेटिन्छन् ।

अथाह जल भण्डारलाई सदुपयोग गरेर विश्वकै सस्तो मुल्यमा बिजुली उत्पादन गरी नेपालमा खोलिने राष्ट्रिय तथा अन्तराष्ट्रिय उद्योगहरुलाई प्रोत्साहन बाँकी ६ पृष्ठमा

# रामेछाप कांग्रेसको सभापतिमा कान्छाराम तामाङ निर्वाचित

काठमाडौं । नेपाली कांग्रेसको १४ औ जिल्ला अधिवेशन अन्तर्गत जिल्ला सभापतिमा पूर्ण बहादुर तामाङ 'कान्छाराम' निर्वाचित भएका छन् ।



जिल्ला सभापतिका लागि तीन जना उम्मेदवार रहेकोमा पहिलो चरणमा कसैले पनि बहुमत नल्याएपछि सोमबार दोस्रो चरणको चुनावको तयारी थियो ।

तर पहिलो चरणमा सबैभन्दा बढि मत ल्याएका कान्छाराम तामाङलाई दोस्रो बढि मत पाएका लबश्री न्यौपानेले समर्थन गरेका हुन् ।

पहिलो चरणमा तामाङले ६६८ मत पाएका थिए भने उनका निकटम प्रतिस्पर्धी न्यौपानेले ३५६ र अर्का उम्मेदवार कृष्णबहादुर महतले ३२८ मत पाएका थिए । दोस्रो चरणमा पहिलो र दोस्रो हुनेबीच निर्वाचन हुने कांग्रेस विधानको व्यवस्था छ । दोस्रो मत पाएका न्यौपानेले समर्थन गरेपछि तामाङ सर्वसम्मत सभापति निर्वाचित भएका हुन् । तामाङ पार्टी संस्थापन समूह निकट हुन् । तामाङ बाँकी ६ पृष्ठमा

# नेपाललाई छ एम्बुलेन्स हन्तान्तरण

काठमाडौं । नेपाललाई जापान सरकारले छ एम्बुलेन्स प्रदान गरेको छ । आज यहाँ आयोजित कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या राज्यमन्त्री उमेश श्रेष्ठलाई नेपालस्थित जापानका राजदूत किकुता युताकाले एम्बुलेन्स हस्तान्तरण गर्नुभएको छ ।

राज्यमन्त्री श्रेष्ठले जापान सरकारले स्वास्थ्य क्षेत्रमा सहयोग गर्दै आएकामा धन्यवाद दिनुभयो । उहाँले कोभिड-१९ को रोकथाम र नियन्त्रण पनि जापान सरकारले सहयोग गरेकामा प्रशंसा व्यक्त गर्नुभयो । उहाँले नेपाल र जापानबीच निरन्तर सहयोग आदानप्रदान हुनुपर्ने बताउनुभयो ।

नेपालस्थित जापानका राजदूत किकुता युताकाले नेपाललाई सबै क्षेत्रमा जापानले सहयोग गर्दै आइरहेको बताउनुभयो । उक्त एम्बुलेन्स मन्त्रालयले नेपाल एम्बुलेन्स सेवालाई आजै प्रदान गरेको छ ।

एम्बुलेन्स सेवाका अध्यक्ष डा प्रदीप वैद्यले प्राप्त एम्बुलेन्सले बिरामीलाई सेवा प्रदान गर्ने बताउनुभयो । एम्बुलेन्समा प्राथमिक उपचारसहितको सेवा बिरामीलाई दिइने उहाँले बताउनुभयो । उहाँका अनुसार एम्बुलेन्समा एक जना इमरजेन्सी मेडिकल टेक्निसियन (इएमटी) सहितको प्राथमिक स्वास्थ्य उपचारसमेत गरिन्छ । एम्बुलेन्समा राखेर अस्पतालसम्म लैजाँदा बिरामीलाई केही समस्या पर्नसक्ने भएकाले हामीले एक जना इएमटी हुन्छन्, अध्यक्ष वैद्यले भन्नुभयो, ती इएमटीले बाटोमा बिरामीलाई केही समस्या परे भने उपचार गर्दछन् । एम्बुलेन्समा भेन्टिलेटर, अक्सिजन लगायत स्वास्थ्य सामग्रीसहितको तीन महिना तालिम प्राप्त एक जान इएमटी रहने गर्दछन् । अध्यक्ष डा वैद्यले अस्पतालसम्म लैजाँदा बिरामीलाई केही समस्या परेमा सामान्य उपचार गर्ने प्राविधिकसमेत एम्बुलेन्सलमा राखिने जानकारी दिनुभयो ।

आज दिएकासँगै एम्बुलेन्स सेवासँग १८ एम्बुलेन्स हुनेछन् । सो संस्थाले १०२ नम्बरमा फोन गरे २४ घण्टा एम्बुलेन्स सेवा पुर्‍याउँदै आइरहेको छ । एम्बुलेन्सका लागि अहिले दैनिक ३० सम्म फोन आउने गरेका छन् । एम्बुलेन्स सेवाले काठमाडौंसहित पोखरा र चितवनका पनि सेवा विस्तार गरेको छ ।

# नेपाल खाद्य किराना तथा थोक व्यवसायी संघ अध्यक्षमा देवेन्द्रभक्त श्रेष्ठ

काठमाडौं । नेपाल खाद्य किराना तथा थोक व्यवसायी संघ अध्यक्षमा




व्यवसायी देवेन्द्रभक्त श्रेष्ठ निर्वाचित भएका छन् । शनिबार सम्पन्न संघको साधारणसभाले श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो ।

संघको उपाध्यक्षमा टंक प्रसाद शेरचन, महासचिवमा ओम प्रकाश वंशल र सचिवमा दिपक कुमार फैंजु निर्वाचित भएको जनाइएको छ । यस्तै, कोषाध्यक्षमा नरेशकुमार गोयल र सहकोषाध्यक्षमा मनोजकुमार गुप्ता निर्वाचित भएको अध्यक्ष श्रेष्ठले जानकारी दिए ।

देशभर खाद्यको आवश्यकता, सम्पूर्ण व्यवसायीको एकता भन्ने मूल नाराका साथ २०४७ सालमा स्थापना भएको यो बाँकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
www.janaakash.com.np



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# जेष्ठ नागरिक दिवसमा जेष्ठ नागरिकहरुकै नेतृत्व

नेपालमा हरेक बर्ष असोज १५ गते जेष्ठ नागरिक दिवस मनाउने गरिन्छ । त्यस दिन विभिन्न राजनैतिक पार्टीका नेता लगायत आम विभिन्न क्षेत्रका मानिसहरु जम्मा भएर जेष्ठ नागरिकहरुको वारेमा आआफ्नो धारणा राख्ने गरेका छन् । अपवाद वाहेक अधिकांशको भाषणमा उनिहरुको मपाईत्व भन्दा अरु केही देखिदैन, किनकी आजको दिनसम्म लाखौलाँख युवाहरु विदेशमा रोजगारीको लागि विदेशीनु परेको अवस्थाले सिर्जना गरेका विभिन्न सामाजिक समस्याहरु ज्यूका त्यू छन् । नेतृत्व बर्गले भाषणमा बोलेका कुरा व्यवहारमा वा यथार्थमा कमै उतारेका छन् ।

रोजगारीका लागि अधिकांश क्षेत्रहरुका युवा छोराछोरीहरु विदेश गएपछि धेरैजसो जेष्ठ नागरिकहरु एक्लो पर्दै जान थालेका देखिन्छन् । छोराछोरी आफु विदेश जान कतिपयले त वाहाना वाजी नै गर्ने गर्दछन् । कोही पढ्नको लागि भनेर जान्छन् भने कोही बाध्यताले रोजगारीको लागि विदेश जाने गरेका छन् । त्यसको असर बुढेसकालमा अर्थात जेष्ठ नागरिकहरु बृद्धाबृद्धा नागरिकहरुलाई पर्ने गरेको छ । ति बृद्धाबृद्धाहरुलाई दिनानु दिन समस्या बढ्दै गएको देखिन्छ ।

यस्तो किन हुदैछ ? यो अरु कारण नै होइन । नेपालमा नै भविष्य छ भनेर विश्वसनीय वातावरण बनाउन नसक्नु नै मुख्य कारण हो । यसमा सरकारमा आलोपालो गरी बसेका सबै पार्टीका नेता कार्यकर्ताहरुको भुमिकाले पनि बिशेष काम गरेको छ । आर्दश बाढ्न सक्ने काम दिन नसक्ने, पार्टी चलाउन चन्दा माग्न सक्ने रोजगारी सृर्जना गर्न नसक्ने, उधोग खोल्न पहल नगर्ने चलन कायम नै छ । ति हिजो युवा अवस्थामा रहँदा पनि पार्टीका साहायक वा प्रमुख नेता तिनै थिए । आज जेष्ठ नागरिक बनिसक्दा पनि तिनै राजनीतिक पार्टीका प्रमुख नेता तिनै छन् ।

जेष्ठ नागरिकहरुको समस्याको बिषयमा यो सुविधा त्यो सुविधा भएन भनेर भाषण गरिरहँदा विदेशमा रहेका लाखौ लाँख युवाहरुले नेपालमा जेष्ठ नागरिकहरुको वारेमा परेका समस्या उठाउन राजनीतिक पार्टीहरुको नेताहरुले गरेको भाषण सुनेर हाँस्दै व्याङ्ग्यत्मक कमेन्ट पनि लेखेको देखिन्छ ।

त्यस्तै हसाउँने खालको काम नेपालका जेष्ठ सरकारले गरेको हुनाले नै ति विदेशमा रहेका युवा पीडिहरुको त्यस्तो धारणा आएको होला ।

जेष्ठ नागरिकहरुलाई हेला नगरौ पालन पोषण राम्रो गरौ माया गरौ भनेर थुप्रै ठाउहरुमा कार्यक्रम भएका छन् । तर रोजगारीको सुनिश्चिता नभएकै कारण लाखौ युवाहरु विदेश गएको हुनाले नेपालमा जेष्ठ नागरिकहरु एक्लै पर्न गएका हुन् । युवाहरुलाई रोजगारीको वातावरण नबनेको हो ।

आजको दिनसम्म नेपालमा नै लाखौ लाख युवाहरुले रोजगारीको सुनिश्चिता गर्न पहल काँहीवाट भएको देखिएको छैन ।

जेष्ठ नागरिक भइसकेकाहरुले नै देशको मुख्य नेतृत्व गर्दै आएका छन् । चाहे त्यो यो भन्दा अगाडिको सरकार होस् चाहे वर्तमान सरकार किन नहोस्, जेष्ठ नेताहरुले बृद्धाभत्ता थापेर नातीनातिना खेलाएर घरमै आराम गर्ने समय भएको देखिन्छ । तर नेपालमा त्यस्तो काँहा भएको छ र । सरकारको नेतृत्व सकी नसकी जेष्ठ नागरिकहरुले गरिरहेका छन् । भने यता बाध्यताले एक्लै परेका जेष्ठ नागरिकहरुले एक्लाएक्लै भएर जीवनलाई कष्टमय रुपमा व्यतित गरिरहेका छन् । यस्ता अनेकौ समस्याहरु जेष्ठ नागरिक दिवसको अवसरमा उठ्ने गर्दछ । सरकारको जेष्ठ नेतृत्वले आउँदा दिनमा जेष्ठ नागरिकहरु एक्ला एक्लै पर्ने वातावरण नबनोस् र जेष्ठ नागरिकहरुले मनोवैज्ञानिक रुपमा समस्याग्रस्त जीवन विताउन नपरोस् नेपालमा नै रोजगारीको सृर्जना होस् । सबै जिम्मेवार जेष्ठ नागरिक भएर देश चलाइरहेकाहरुले गम्भिर भएर सोचुन् ।

# समृद्धि शहरको सपना र नेपाली परिवेश



**प्रेमा सगंम**

वर्तमान समयमा समृद्ध शहरको चर्चा निक्कै बजारिकरन भएको छ । समृद्ध शहर हुन के हुनुपर्दछ ? विश्वमा कहिलेवाट समृद्ध शहरको सुरुवात भयो । समृद्ध शहरको बिषयमा चर्चा परिचर्चा गरिरहदा शहरकै बिषयमा चाहि विविध क्षेत्रहरुका विज्ञको मत कस्तो रहेको छ । शब्दशिल्पीहरुले समृद्ध शहर "माथि"आ(आफ्नै बुझाई र भोगाई लेखेका छन् । बिकासविद, समाजशास्त्रीहरुले समृद्ध शहरको बिषयमा खोज, अध्ययन, सोध र अनुसन्धान गरेका छन् । सात हजार बर्षभन्दा पुरानो प्रचीन सहर सिरियाको दमस्क देखि अहिलेको स्मार्ट सिटीको युगमा समाज अघि बढिरहदा समृद्ध शहरको सस्कृति बहसको महत्वपुर्ण बिषय बन्दै आएको छ । समृद्धको एक पक्षीय नारा अंगालीरहेको हाम्रा लागि त सहर सस्कृतिमाथिको बहस झनै सार्न्दभिक छ । नेपालमा अहिलेको समकालीन समयमा सवैभन्दा बढी छलफल, बहस र चिन्तन समृद्ध सहरको वारेमा गरिएको छ । वस्तमा नेपाली भुगोल (भावना र जन जीविकाको सापेक्ष शब्दको रुपमा बिकास उन्नती नै नेपाली परिवेश र चिन्तनहरुले योजनाबद्ध गुरुयोजनाले नै नेपाली परिवेश सुहाउदो समृद्ध सहरको सपना साकार बनाउँछ ।

विश्वकोष विकिपिडियाका अनुसार बाटो, खानेपानी,टेलिफोन, बिजुली सवै सुविधा सम्पन्न धेरै मानिस बसोवास गर्ने ठाउँ नै सहर हो । यतिले मात्र त सहरले पुर्णता अवश्य पनि पाउदैन । र विभिन्न दृष्टिकोणवाट सहरलाई परिभाषित गर्न सकिन्छ । जस्तै ( एउटा विकासबिदको दृष्टिकोणमा सहर अर्थतन्त्रको परिवर्तनले सामाजिक संरचनामा ल्याउने परिवर्तनको भौगोलिक अभिव्यात्ति हो । समाजशास्त्रिको दृष्टिकोणमा चाहि बाटो, घर तथा विविध भौतिक संरचना भन्दापनि सामाजिक सम्बन्धका चरित्र आधारमा शहरलाई हेर्दा सहर भनेको आधुनिक तरिकाले विकास गरेको उत्पादन प्रणाली र विज्ञान प्रविधिको विकाससँगै मान्छेको वसोवास प्रक्रियामा आएको परिवर्तनको भौतिक अभिव्यक्ति हो । भन्ने गणितीय समय सँगसगै विकासको मापन समेत परिवर्तन सहर हुन नेपालमा पनि विभिन्न आधारहरु पुरा गरेको हुनुपर्छ । निश्चित रुपमा जन सरोकार हुनुपर्छ । त्यसको सीमा तोकिएको छ । सहरमा राज्यले आफ्ना नागरिकलाई दिनुपर्ने सेवा सुविधाहरु जस्तैः सडक, बिजुली, शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, खेलकुद, मनोरञ्जन आदी जस्ता आधारभुत कुराहरु सहज रुपमा उपलब्ध हुनुपर्दछ । सहर भनेको विकास र समृद्धिको परिचायक हुन् । यी आर्थिक रुपमा समेत सम्पन्न र सवल हुनुपर्दछ । भन्ने आम मान्यता रहेको छ ।आर्थिक रुममा मात्र सम्पन्न भएर पुग्दैन एक्काइसौ सताब्दीका सहरहरु कला कौशल सस्कृति, पर्यावरण समेत सभ्य सुसस्कृत र समृद्ध हुनुपर्दछ । आम नागरिकको सोच, जीवनशैली व्यवहार तथा चिन्तन समेत समृद्ध भएमा मात्र सहर समृद्ध हुन्छ । विश्वका हरेक देश र ति देशका हरेक सहर एकै प्रकार र मापदण्ड पुरा गरेर बनेका बिकसीत हुन्छन् भन्ने होइन । त्यो देश र ठाउँ अनुसार मापदण्ड पुरा गरेर बन्ने हो । जस्तै अमेरिकाको सहर समृद्ध पार्ने मापदण्ड सतप्रतिशत नेपालमा ठिक नहोला ।

> **बाटो, खानेपानी,टेलिफोन, बिजुली सवै सुविधा सम्पन्न धेरै मानिस बसोवास गर्ने ठाउँ नै सहर हो । यतिले मात्र त सहरले पुर्णता अवश्य पनि पाउदैन । र विभिन्न दृष्टिकोणवाट सहरलाई परिभाषित गर्न सकिन्छ । जस्तै ( एउटा विकासबिदको दृष्टिकोणमा सहर अर्थतन्त्रको परिवर्तनले सामाजिक संरचनामा ल्याउने परिवर्तनको भौगोलिक अभिव्यात्ति हो । समाजशास्त्रिको दृष्टिकोणमा चाहि बाटो, घर तथा विविध भौतिक संरचना भन्दापनि सामाजिक सम्बन्धका चरित्र आधारमा शहरलाई हेर्दा सहर भनेको आधुनिक तरिकाले विकास गरेको उत्पादन प्रणाली र विज्ञान प्रविधिको विकाससँगै मान्छेको वसोवास प्रक्रियामा आएको परिवर्तनको भौतिक अभिव्यक्ति हो ।**

नेपालकै पनि हिमाल, पाहाड, तराइको विकासले एकै मामदण्डले विकास समावेश तथा समाता रुपमा हुदैन । फरक लक्ष्य योजना बनाउनु पर्दछ । विकास एउटा सकरात्मक संरचनागत परिवर्तित स्वरुप हो । एउटा परिवर्तन र निरन्तर चलिरहने नयाँ आवरण स्थापना र सुरुवात हो ।

माथि उल्लेख गरेका मानक छन त हाम्रा सहरहरुमा ?

सवैले देखेका पनि छन् भोगेका पनि छन् । सडकहरु ठुला छन् तर व्यवस्थित छैन । यातायात अस्तव्यस्त रुपमा चलेका छन् । यो नेपालको राजधानी काठमाडौ उपत्यकाको तितो यथार्थ हो । देशका अन्य साना(ठुला सहरको हालत के होला ! सडक, बजार, संस्कृति धरोहरहरुले नै सहर कतिको समृद्ध बन्ने सपनामा बारम्बार आइरहने प्राकृतिका बिपत्ति तथा माहामारीले झनै ठुलो चुनौती थपीरहन्छ । नेपालमा गएको २०७२ सालको भुकम्पले क्षतविक्षत भएका हाम्रा सहरहरु जसरी पुनःनिर्माण र संरचना, योजनावद्ध रुपमा हुनुपर्ने हो त्यो पनि हुन सकेको छैन । समयानुकुल वातावरणमैत्री सहर बनाउन तथा समृद्ध सहर बनाउन ठोस दिर्घकालीन योजना खाकासहितको कुनैपनि गुरुयोजना आएन । नेपाल कुनै समय गाउँ नै गाउँले भरिएको देश थियो । विश्व भुमण्डलीकारण सँगसँगै सहर बन्न थाले । त्यो आफैमा एउटा परिवर्तन हो । तर सहर बन्ने क्रममा नै राज्यले दीर्घकालीन सोच तथा सहरहरुको विकास गर्दै लगेको भए । सायद अवश्य पनि ति शहरहरुले देशको परिचय, आम्दानी र सुरक्षा बढाउने थिए । तर त्यसो हुन सकेन । कुनै योजना बिहिन बनेर अस्तव्यस्त रुपमा सहरीकरण बनीरहदा वास्तविक समृद्ध सहरको सपना पुरा गर्न कठिन हुन्छ ।

अहिलेका राजनीतिक दलहरु विकासविदहरु समृद्ध सहरको सपना देखाइरहेका छन् ।विकास समृद्धि भनेको प्रविधिक, सास्कृतिक, आर्थिक साथै राजनैतिक प्रक्रिया पनि हो ।विकासमा यी पक्षपनि परस्पर मिसिएकै हुन्छन् । आधुनिक विकासको तहमा छलाङ मार्दा हाम्रा बुझाइहरु तथ्यसहित वैज्ञानिक रुपमा प्रमाणित भएर तर्कसंगत रुपमा आउनु पर्दछ ।

अहिलेसम्म सहरीकरण हुँदा विगतका गल्तीवाट पाठ सिकेर ती कमीकमजोरी त्रृटी सच्याएर योजना बनाउनु पर्दछ । अवको समृद्ध सहर नमुना बन्नु पर्दछ । जुन पर्यवरणमैत्री, सहभागितामुलक, सांस्कृतिक, आर्थिक, शैक्षिक तथा विविध हिसावले समेत सन्तुलित साथै दिर्घकालीन रुपमा समेत सुरक्षित बनोस् अज्झ अर्को विशेष कुरा भौतिक संरचनाहरु वा पुर्वधारहरु निर्माण स्थानीय स्रोत र साधनलाई भरपुर उपयोगमा ल्याउने खालको जसवाट स्थानीय जनशक्तिको प्रयोग स्रोतको समेत उपयोग होस् । त्यो संरचनाले हाम्रो आफ्नो कला, सस्कृति, जीवनशैली, चिन्तन र परिचय समेत दिने गर्दछ । हाम्रा यी चिजहरुमा जव अपनत्व हुन्छ । त्यहीवाट हाम्रा सवै कुराको महत्व बढेर जान्छ । त्यसकारण एउटा समृद्ध सहरको सपना, कल्पना गरिरहदा हामीले यो कुरा बुझ्नु पर्दछ । सहर केवल सहर मात्र होइनन् विकास र समृद्धिको घोतक पनि हुन् । अझ ठुलो कुरा एउटा सभ्य सुसस्कृत इतिहास पनि हो । सायद आज पनि विश्का पुराना सहरहरु जस्तैः मिश्रको सभ्यता होस वा सिन्धुको सभ्यता । आजपनि कयौ विश्वका विकासविद, समाजशास्त्री तथा वैज्ञानिकहरु समेत उक्त सहर हेर्न शोध गर्न, अनुसन्धान गर्न ती ठाउँमा तल्लीन रहेका छन् । यसवाट समेत प्रष्ट हुन्छ । समृद्ध, उन्नत सहर बनाउन सामान्य कुरा होइन । एउटा महान कार्य हो । ति सहरहरु सँगै धेरै कुराहरु लुकेको हुन्छ । पुरानो विकासको मोडललाई पनि गम्भिर रुपमा चिन्तन गर्ने र नयाँ विकासको मोडलको सकरात्मक पक्षलाई पनि लिएर मौलिक पनको विकास गर्ने हो नकि कुनै देशको विकासको नक्कल गर्न जरुरी छैन । अतः समृद्ध सहरको कल्पना गरिरहदा भौतिक संरचना सँगसँगै अन्य विभिन्न पक्षलाई ध्यान दिएर दिर्घकालसम्म अमर रहिरहने गरी योजना बनाउनुपर्छ । त्यो सपना नेपाली माटो, हावापानी, कला, संस्कृति र मुल्यमान्यता अनुरुप भएमा यगौयुग सम्म जीवन्त रहिरहन्छ । त्यो नै वास्तविक समृद्ध सहर हुनेछ ।

प्रेमा सगंम
कालिञ्चोक ६ दोलखा

सन्दर्भ सामग्रीहरु

गौतम, राजाराम २० बैशाख २०७५ अन्नपुर्ण दैनिक
नेकपा (एमाले) र नेकपा (एकीकृत माओवादी)को संयुक्त घोषणा पत्र
नयाँ पत्रिका दैनिक बिशेषाङक २०७५ पुष १७ पेज ५४
नेपालको संविधान २०७२
नेपालको अन्तरिम संविधान २०६३
बौद्धिक दर्पण बर्ष ५ अङक ५ २०७५
चैतन्य मिश्रः बदलिदो नेपाली समाज

खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी
एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।
दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :
१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।
ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :
१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।
"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ता जनहितका लागि जारी
नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१–४२६३४८५, ४२६३४८१

# उद्योगी, व्यवसायीहरुको लागि स्थायित्व नीति आवश्यक छ




राजेन्द्र मल्ल अध्यक्ष नेपाल चेम्बर अफ कर्मश

***यहाँलाई स्वागत छ जन आकाश मिडियामा***

धन्यावाद ।

***तपाई अध्यक्ष भइसकेपछि चेम्बर अफ कमर्शले गरेका कामको वारेमा बताईदिनुस न ?***

२००७ साल देखि व्यवसायीहरुको हकहितको लागि र सरकारलाई कर सहयोगको लागि फ्यासलेट गर्न स्थापना भएको संस्था हो । यस संस्थाले देशको हितमा सेवा गर्दै आइरहेको छ । भरखरै चार महिना अगाडी मात्र म यस संस्थामा अध्यक्ष भएर आइसकेपछि यस संस्थाले विगतमा गरेका कामको निरन्तरता संस्थाले लिएको लक्ष्य पुरा गर्ने मेरो अविभारा भएर आएको छ । यी अविभाराहरुलाई पुरा गर्दै मेरो नेतृत्वमा भएका टिमहरु बसेर नेपाल देशलाई कसरी आत्मनिर्भर बनाउने भन्ने बिषयमा निक्कै छलफल भएको छ । आत्मनिर्भर बनाउन सकिन्छ भन्ने दृढ विश्वास राख्दै हामी पच्यासरत छौ ।

**तपाईले आत्मनिर्भर देश बनाउने कुरा गर्नुभयो हामीले आत्म साक्षी राखेर भन्नु पर्छ अहिलेसम्म कुनैपनि एकलाँख सम्म रोजगार दिनसक्ने उधोग नेपालमा छैन । यस संस्थामा ठुला ठुला व्यवसायीहरु आवद्ध छन् । रोजगार सृर्जना गर्ने पच्यास भएको छ ?**

हाम्रो संस्थामा आवद्ध भएका उधोगी व्यवसायीहरुले एउटै संस्थाले लाखौलाई एकैपटक रोजगार नदिएपनि विभिन्न उद्योग, एसेम्वली मझौला, साना लगायतहरुले तापाईले भनेको लाखौ मात्र होइन धेरै लाखौलाँखलाई निजी व्यवसायीहरुको लगानी भएका क्षेत्रवाट हाम्रा नेपाली दाजुभाई दिदीबहिनीहरुलाई रोजगार दिने काम भएको छ । एउटै उधोगले लाखौलाई रोजगार दिन नसक्ला तर समग्रमा उद्योगहरुले लाखौलाँखलाई अर्थात २०/३० सौ लाँखलाई रोजगार दिएको छ भनि तपाइको यस लोकप्रीय पत्रिका मार्फत सवैमा जानकारी गराउदछु ।

***मैले यो भन्दा अगाडीका चेम्वर अफ कमर्शका अध्यक्षहरुसँग अन्तर्वाता लिदा उहाँहरुले भन्नुहुन्थ्यो हामी स्वदेशी पुजीलाई प्रथामिकता दिदै विदेशी लगानी समेत ल्याएर नेपालीहरुलाई नेपालमा नै स्वरोजगार बनाउछौ भन्नुहुन्थ्यो केही कामहरु भएपनि लक्ष्य पुरा गर्न सक्नुभएन तपाईको कार्यकालमा के हुन्छ ?***

हामीले सवैभन्दा स्वारोजगार कार्यक्रमको लागि नै प्रथामिकतामा राखेर काम गरिराखेका छौ । साथै सरकारलाई पनि हामीले आग्रह गरिराखेका छौ कि युवाहरु विदेशमा सीप सिकेर आउनुहुन्छ ति युवाले विदेशमा सिकेको सीपलाई उद्योग व्यवसाय गर्न प्रोत्साहित गर्ने गरी मुलुकले वातावरण बनाउनु पर्दछ । त्यसका लागि चेम्बर अफ कमर्शले पहल गरिराखेको छ ।

युवाहरुलाई सहुलियत व्याजदरमा कुनै पकेट क्षेत्रहरुमा सरकारी जमिन लिजमा दिएर त्यस्तो वातावरण बनाएर हामीले उद्यमशील बनाउनुपर्छ हाम्रा इन्टरनेशनलस्तरमा सीप सिकेका नेपालीहरु छन् । त्यतिले पनि पुगेन भने फयासलेटरहरुलाई ल्याएर पनि हामीले काम गर्नुपर्छ यतिवेला हामीसँग युवाशक्ति छ । बिजुली छ । सीप पनि छ । अव विदेशमा गएर काम गर्नुभन्दा विदेशी कम्पनी स्वदेशमा खोलेर विदेशीलाई चाहिने सामान यहावाट निर्‍यात गर्ने गरी हामी अगाडी बढ्नुपर्छ भन्ने मलाई लाग्छ । यस्तै विषयमा हामीले छलफल गर्दै आएका छौ । व्यवसायीहरु उत्साहित नै भएको पाएको छु । यो राम्रो पक्ष हो । आसा गर्ने ठाउँहरु छन् ।

***सरकारसँग व्यवसायीहरुको कहिलेकाही प्रतिपक्ष जस्तो भुमिका निर्वाह गरेको भन्ने सरकारले गुनासो गर्छ अहिले पछिल्लो अवस्था कस्तो छ ?***

हामी सरकारसँग जहिले पनि सहकार्य गर्दै आएका छौ । सरकारप्रति हामी सकरात्मक छौ । सरकार पनि सरकरात्मक भएको पाएका छौ । निजी क्षेत्र र सरकार अनि जनता एक नभइकन यो मुलकको विकास हुन सक्दैन भन्ने मलाई लाग्छ ।

***नेपाल चेम्बर अफ कर्मशको र अन्तराष्ट्रिय चेम्बर्सहरुको बीचमा कस्तो सम्बन्ध रहेको छ ?***

हाम्रो चेम्बर अफ कमर्शको ४५ वटा भन्दा बढी देशहरुसँग दौत्य सम्बन्ध छ । २० वटा देशसँग अनेस्ली हाम्रो देशका प्रतिनिध पनि छन् । हामीले अन्तराष्ट्रिय व्यवसाय प्रर्वधन, त्याहाको टेक्नोलोजी ल्याउने सहजीकरण र सवलीकरण गर्ने ,नेपालले उत्पादन गरेका वस्तुहरु निर्‍यातको लागि सक्दो वानडोर सर्भिसको व्यवस्था गर्ने सरकारको तर्फवाट र हाम्रो तर्फवाट विगतमा जस्तो नभई अनलाईनको गेटवे खोलेर भएपनि अगाडी बढाउनुपर्छ त्यसो गरेर आफ्नो ब्रण्ड, लोगो अन्तराष्ट्रिय श्रममा मान्यता प्राप्त हुने बित्तिक्कै याही उत्पादन गरेर निर्‍यात गर्नुपर्छ भन्ने मलाई लाग्छ ।

***तपाई आफै पनि व्यवसायी हुनुहुन्छ । नेपालले कुनकुन क्षेत्रलाई सम्भवित विकास गर्न सक्छ भन्नदिनुस न ?***

हामीसँग भएको जलस्रोतको अपार भण्डारलाई प्रथामिकतामा राखेर मोटामोटी ४५ हजार हाइड्रो मेगावाट कमरर्श सेल्ली भायवल पावर छ । यसलाई उत्पादन गरेर याही खपत हुनेलाई याही र बाँकी रहेकोलाई निर्यात गरेर यो मुलुको विकासमा कायपलट ल्याउन सकिन्छ । यो मुलुकको भविष्य सुन्दर बनाउन सकिन्छ ।

हाम्रो विकासको सम्भावना जलास्रोत नै हो भन्ने भनाइ राख्न चाहान्छु ।

***अन्तमा भन्न मन लागेका कुरा तर छुटेका भनिदिनुस न ?***

बिशेष गरेर हामीले मुलुकलाई समृद्ध बनाउनको लागि सरकारी नीति,नियम, सरकारको भिजन लङगटूम वेसमा हुनुपर्छ । नियम कानुनहरु छिटोछिटो वेशमा परिवर्तन नहोस् एकपटक सरकारले ल्याएको योजना १० सौ २० सौ वर्षसम्म जाने पुर्वधार विकास देशको उन्नत हुने गरी आउनु पर्दछ ।

बीचमा केही राम्रो कुरा छ भने थपघट गर्ने अन्यथा नेशनल पोलिसी चै लङगटूम हुनुपर्छ । ब्यूरोक्रेसीलाई स्ट्रोङग बनाउनुपर्छ भन्ने भनाई राख्न चाहान्छु ।




# दानी/पञ्चलाल थापा स्मृतिको प्रथम उपाधि गोलबजारले जित्यो

काठमाडौ । प्रदेश नं. २ सिरहा कराते प्रशिक्षण केन्द्र र गोलबजार नगरपालिकाको संयुक्त रुपमा दानी थापा र पञ्चलाल थापाको स्मृतिमा आयोजना गरिएको ११ औं उपमेयर कराते राष्ट्रिय प्रतियोगता सम्पन्न भएको छ ।




सिरहाको तेतरीया जम्दह स्थित सरस्वती मा.विको प्रागनमा असोज १५ गतेवाट प्रतियोगिता संचालन भई १६ गते सम्पन्न भएको थियो । प्रतियोगतामा थुप्रै टिमहरुले भाग लिएका थिए । ८४ पदकका लगि झण्डै २०० खेलाडीले भाग लिएका थिए ।

स्वर्ण २१ रजत २१ र कास्य ४२ पदकको लागि भएको प्रतियोगितामा, प्रथम हुने टिमलाई नगद ५०००० दोस्रो टिमलाई २५००० तेस्रो हुने टिमलाई १५००० रहेको घोषणा गरिएको थियो प्रतियोगितामा सहभागि उत्कृष्ट महिला तर्फ एक र पुरुषतर्फ एक उत्कृष्ट खेलाडीले रु १०००० हजार पुरुस्कार राशि व्यवस्थापन गरिएको थियो ।

त्यसैगरी उदयमान खेलाडीहरु पुरुष तर्फका एकलाई रु ७००० हजार महिला तर्फ सात हजार रहेको थियो भने खेलाडी, प्रशिक्षक, अफिशियल सवैलाई खाना, खाजाको व्यवस्थापना आयोजकले व्यावस्थापन गरेको थियो ।

उक्त प्रतियोगितामा गोलबजार नगरपालिकाका खेलगडीहरुले ६ स्वर्ण ७ रजत जित्दै प्रथम स्थान हासिल गरेका छन् ।

गण्डकी प्रदेशले ४ स्वर्ण २ रजत जित्दै दोस्रो स्थान हासिल गरेको छ ।

त्यसैगरी धरान उप-महानगरपालिका प्रदेश १ ले ३ स्वर्ण ३ रजत सहित तेस्रो स्थानमा चित्त बुझाएका छन् ।

उत्कृष्ट खेलाडीहरुमा महिला खेलडी गोलबजारकी खुश्बु खड्का, पुरुषतर्फ विराटनगरका अरविन्द मण्डलले. जनही १००००/१०००० हजार प्राप्त गरेका छन् । उदयमान महिला खेलाडी तर्फ गोलबजारकी प्रौसिय चौधरी, पुरुषतर्फ धरान उप-महानगरपालिकाका सन्तोष शर्मा रहेका छन् ।

अन्य प्रशिक्षकहरुलाई कार्यक्रम सम्पन्न गर्न महत्वपुर्ण भुमिका निर्वाह गरेस्वरुप कदर र सम्मान पत्र प्रदान गरिएको गोलबजार कराँते प्रशिक्षण केन्द्रका प्रशिक्षक कशम लामाले जनआकाशलाई जानकारी दिएका हुन् ।

हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७८ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना

मनिकरत्न शाक्य
अध्यक्ष
नेपाल सुनचाँदी ब्यवासयी संघ

हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७८ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना

मनोज अधिकारी
अध्यक्ष
नेपाल फरवार्डस् एसोसिएशन

हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७८ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना

नवराज सिंमखडा
अध्यक्ष, काठमाडौं जिल्ला समिति
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)

# अर्थ

## लक्ष्मी बैंक दोस्रो पटक उपाधि जित्न सफल

काठमाडौं । एसियन डेभलपमेन्ट बैंक ले २०२१ को लिडिङ्ग पार्टनर बैंक को उपाधि लक्ष्मी बैंक लाई सम्मानित गरेको छ ।

सो उपाधि एडिबी को ट्रेड तथा सप्लाई चेन फाइनान्स योजना अन्तर्गत रहेको छ जसमा एडिबी संग को सहकार्यमा सबैभन्दा बढी कारोबार गर्ने

Laxmi Bank

सबल आधुनिक उत्तरदायी

बैंकलाई प्रदान गर्ने गरिन्छ । लक्ष्मी बैंकले सो उपाधि लगातार दोस्रो वर्ष प्राप्तगर्न सफल भएको हो । एडिबीले यि उपाधिहरु जुलाई १, २०२० देखी जुन ३०, २०२१ को अवधी भर गरिएको विभिन्न सहकार्यको आधरमा प्रदान गर्ने गरेको छ र सोही अवधिमा लक्ष्मी बैंक ले बिभिन्न साना, मझ्यौला र ठुला संस्थाहरुसँग कारोबार गरी सबै भन्दा सकृय साझेदार बैंकको रूपमा प्रस्तुत भएको छ ।

एडिबी को 'लिडिङ्ग पार्टनर बैंक'उपाधि ले लक्ष्मी बैंकको व्यापार तथा वित्त, परिचलन क्षमता, वित्तिय स्वास्थ र जोखिम व्यवस्थापन को सुदृधिकारण गर्ने प्रयासहरुलाई अझ सार्थक बनाएको भन्दै बैंकले भर्चुअल बाट उपाधि ग्रहण गर्दै आयोजकलाई बैंकका तर्फवाट सिइओ अजय प्रताप शाहले धन्यवाद दिनुभएको थियो । उक्त पुरस्कार समरोहमा लक्ष्मी बैंकका कर्मचारी सबैले धेरै जतिले हरेका थिए भने आयोजक प्रतिनिधिहरुले पनि लक्ष्मी बैंक नेपालको लागि अत्यन्तै राम्रो व्यवस्थापन भएको बैंक र विश्वासिलो रहेको लगानीकर्ताहरुको मन जित्न सफल साथै एडिबी उपाधि निरन्तर जित्न सफल भएको भनि बधाई तथा शुभकामना दिदै प्रशंसा समेत गरेका थिए । सो कार्यक्रममा २०० भन्दा बढी साझेदार बैंकहरु उपस्थित थिए जसमा २५ बैंक हरुलाई २० वटा श्रेणीमा विभिन्न उपाधिहरु द्वारा सम्मानित गरिएको थियो ।

## कामना सेवाको के.एस डिजी डिजिटल वालेट सेवा सञ्चालनमा

काठमाडौं । कामना सेवा विकास बैंकले ग्राहकहरुको हितलाई मध्यनजर गर्दै छिटो कनेक्ट र मनम इन्फोटेकको सहकार्यमा के.एस. डिजी (डिजिटल वालेट) सेवा डेभलमेन्ट बैंकहरुमा नै पहिलो पटक सञ्चालनमा ल्याएको दावी गरेको छ । उक्त सेवाको प्रयोग गरी बैंकमा खाता नभएका महानुभावहरुले पनि घरमै बसी झन्झटरहित तवरले केहि कागजातहरु Upload गरी "KS

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

Digi" Wallet खोल्न सक्नेछन् भनि उल्लेख गरेको छ ।

उक्त योजना बैंकका प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले वालेट सेवाको सुभारम्भ गर्नुभएको हो । यस डिजिटल वालेट खोल्न एपमा Face Recognition गर्न सक्ने Artificial Intelligence (AI) को प्रयोग भएको छ । साथै, Account Opening, Loan Application, Inter Operable QR, mCash लगायतका बैंकिङ सेवा तथा सुविधाहरु रहेका छन् । काठमाडौं -३०, ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको बैंकले देशका विभिन्न भागहरुमा १२९ वटा शाखा, १ वटा ऐक्सटेन्सन काउन्टर तथा ७६ वटा ATM मार्फत ग्राहकहरुलाई आफनो सेवा तथा सुविधाहरु प्रदान गर्दै आएको बैकले जनाउदै आएको छ । साथै बैकले आफुलाई र Digital Banking सेवाहरु मा अब्बल बैंकको रुपमा स्थापित गर्ने उदेश्य रहेको पछिल्ला सार्वजनिक प्रेस नोटहरुमा देखिन्छ ।

## ल्याटीन ए.बि.एस सिर्भिस सेन्टरमा मेघा बैंकका ग्रहकलाई छुट

काठमाडौं । पछिल्लो समय नेपालमा दुई पांग्रे सवारी साधन निकै लोकप्रिय बन्दै गएको छ । प्रयोगकर्ताले सहज, सस्तो र जाम भइरहने सडकमा पनि

MEGA
BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

सजिलै यात्रा गर्न सकिने भएकाले यसको लोकप्रियता बढेको हो । यस्तै ल्याटीन ए.बि.एस सर्बिस सेन्टर प्रालिले चाडपर्वलाई लक्षित गर्दै आफ्ना सेवा सुरु गरेको छ । कम्पनीले काठमाडौंको कपन स्थित तेन्जिङचोकमा मोटरसाइकल तथा स्कुटर सवारी चालकहरुका लागि ३० प्रतिशत छुटसहितको सेवा सुरु गरेको छ ।

कम्पनीले मेगा बैंकका खातावाला कर्मचारीका लागि मोटरसाइकल तथा स्कुटरको स्पेयर पार्ट्समा १५ प्रतिशत छुट र अन्य सेवामा १५ प्रतिशत छुट गरी समग्रमा ३० प्रतिशत छुटसहितको सेवा उपलब्ध गराउने उल्लेख छ । कम्पनीले मेघा बैकसँग एक वर्षको छुट सेवा सम्झौता गरी मोटरसाइकल तथा स्कुटर प्रयोग कर्ताहरुलाई चाडपर्व सहजताका लागि विभिन्न योजनाहरु ल्याएको हो । कम्पनीले मेघा बैंकमा खाता नभएका दुई पांग्रे सवारी साधान चालकका लागि पनि सस्तो सेवा उपलब्ध गराउने सेवा सुविधा समेत प्रदान गर्नेछ ।

## कुमारी बैंक र यती एअरलाइन्स बीच सम्झौता

काठमाडौं । कुमारी बैंकलि. र निजी क्षेत्रको अग्रणी वायुसेवा कम्पनी यती एअरलाइन्स प्रा.लि.बीच व्यवसायिक साझेदारी गर्दै संयुक्त रुपममा नेपालमै पहिलो पटक Swipe and Fly Campaign को शुरुवात गरेका छन् । यती एअरलाइन्सको स्काई क्लव कार्ड र कुमारी बैंकको भिजा डेबिट कार्डलाई एकीकृत गरेर कुमारी स्काई क्लव Co-brand कार्ड जारी गरिने भएको छ । उक्त जानकारी दिन कुमारी बैंकका निमित्त प्रमुख कार्यकारी अधिकृत अनुजमणि तिमिल्सिना र यति एअर लाइन्सका प्रमुख कार्यकारी अधिकृत अनोज रिमालको

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

संयुक्ते उपस्थितिमा उक्त जानकारी गराइएको थियो । कार्डका वाहकहरुले अब हरेक खरिदमा यो कार्डबाट भुक्तानी गर्दा हवाई यात्रा नगरे पनि हवाई यात्रा गरे सरह नै निश्चित अंक प्राप्त गरिने भएकोले हवाई यात्रा गर्न कुमारी बैंकका ग्राहकहरु समेत प्रोत्साहित हुने गरी सम्झौता भएको बैंकका निमित्त तिमल्सिनाले कार्यक्रममा बताउनु भएको थियो । एअरलाइन्स र बैंकका साझेदार ग्राहकहरुले जुनसुकै समयमा यो सुविधा प्राप्त गर्न सक्ने यती एअरलाइन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अनोज रिमाल लेबताउनु भएको थियो । हवाई र वित्तीय क्षेत्र बीच यस किसिमको व्यवसायिक सहकार्य नेपालमै पहिलोपटक भएको बैकले दावी गरेको छ । त्यसकारण पनि यो सहकार्य दुवै पक्षको लागि नवीन एवं महत्वपूर्ण रहेको छ । यस कार्यक्रमले दुवै पक्षलाई नयाँ उचाई दिनुका साथै नयाँ आयाम थप्ने निश्चित भएको भन्दै सिइओ रिमालले आफ्नो विचार व्यक्त गर्नु भएको थियो ।

## मुक्तिनाथका ग्राहकहरुलाई रिर्सोटमा विशेष छुट

काठमाडौं । मुक्तिनाथ विकास बैंक लि.ले आफ्ना भिषा डेबिट कार्डवाहकतथामोबाइल बैंकिङ्ग ग्राहकहरुलाई थप सेवा दिन आगन्तुक रिसोंट प्रा. लि. (Agantuk Resort Pvt. Ltd.) सँग विभिन्न सेवामा विशेष छुट प्रदान गर्ने गरी सम्झौता गरेको छ । उक्त सम्झौता पश्चात मुक्तिनाथ विकास बैंकका भिषा डेबिट कार्डवाहक तथा मोबाइल बैंकिङ्ग ग्राहकहरुले धुलिखेलमा रहेको आगन्तुक रिसोंटमा बसाई र खाना तथा पर्दि कारहरुमा **विशेष** छुट प्राप्त गर्न सक्नेछन् भनि जनाएको छ ।

## नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघद्वारा विभिन्न ब्यक्तिहरुलाई सम्मान

काठमाडौं । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ द्वारा नव निर्वाचित आइक्यान पार्सदहरुलाई एक कार्यक्रमका बिच सम्मान गरेको छ । सम्मान कार्यक्रममा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघका पुर्व अध्यक्ष, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका पुर्व अध्यक्ष, नेपाल अडिटर एसोसियसनका अध्यक्ष, लेखामान बोर्डका अध्यक्ष, लेखापरीक्षक बोर्डका अध्यक्ष, पार्सद, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघका कार्यसमिति सदस्य, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघका सदस्य, नेपाल अडिटर एसोसियसन सदस्य लगायत चार्टर्ड एकाउन्टेन्टेस् क्षेत्र सम्बद्ध व्याक्तिहरुको उपस्थीतिमा । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका नव निर्वाचित पार्सदहरुलाई तथा संविधान दिवस २०७८ को अवसरमा राष्ट्रपतिबाट विभुषण प्राप्त गर्नुहुने संघका सदस्यहरुलाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघका अध्यक्ष आनन्दराज शर्मा वाग्लेले सम्मान पत्र तथा खादा ओढाएर सम्मान गर्नुभएको थियो । कार्यक्रममा उपस्थीत सम्पुर्णलाई स्वागत गर्दै संघका अध्यक्षले ICAn\, ACAn\, AUDAn\, ASB र AUSB सबै संस्थाहरुको प्रत्यक्ष(परोक्ष उद्देश्य लेखा व्यवसायको प्रवर्द्धन, सम्बंधन र विकास रहेकोले एक अर्कामा परि पूरक तथा साझेदारको रुपमा कार्य गर्नु पर्ने बताउनु भएको थियो । सम्मान कार्यक्रममा बोल्दै नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका नव निर्वाचित अध्यक्ष युद्धराज ओलिले चार्टर्ड एकाउन्टेन्ट्स विचको सहकार्यले समग्र पेशाको स्थायित्व कायम गर्न सहयोग गर्ने विचार प्रकट गर्नुभयो । कार्यक्रममा नेपाल अडिटर यसोसियसनका अध्यक्ष मोहन राज रेग्मी, लेखामान बोर्डका अध्यक्ष महेश खनाल, लेखा परिक्षक बोर्डका अध्यक्ष अनुप कुमार श्रेष्ठले विचार राख्नु भएको थियो । कार्यक्रममा नेपाल सरकारको प्रबल जनसेवा श्री पदकद्वारा विभुषित हुनु भएका नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ तथा संस्थाका पुर्व अध्यक्ष नारायण बजाज ( हाल देश बाहिर रहनु भएको), नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघका आजिवन सदस्य तथा राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रि कुमार गुर गाईलाई सम्मान गरिएको थियो । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघका अध्यक्ष आनन्दराज शर्मा वाग्लेको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन संघका महासचिव तेज प्रसाद सुवेदीले गर्नुभएको थियो, भने उपस्थीत सबैलाई धन्यवाद ज्ञापन गर्दै संघका उपाधक्ष्य रमेश कुमार धितालले कार्यक्रमको समापन गर्नु भएको थियो ।

## कामना सेवाद्वारा Unifocal Reading Glass को शुभारम्भ

काठमाडौं । कामना सेवा विकास बैंकले ग्राहकहरुको सहजता र सुविधालाई मध्यनजर गरी नेपाल आँखा अस्पताल सँगको सहकार्यमा विश्व दृष्टि दिवसको अवसरमा विश्व स्वास्थ्य संघले तय गरेको **"आँखालाई माया गरौं"** भन्ने नारालाई



आत्मसात् गरी विभिन्न बैकिङ सेवाहरु लिने क्रममासहज होस भन्ने उद्देश्यका साथ नजिक तथा टाढा देख्न सक्ने खालको अत्याधुनिक Unifocal Reading Glassको सेवा शुभारम्भ गरेको छ । यो सुविधा सञ्चालनमा ल्याउने कामना सेवा विकास बैंक नेपालको बैकिङ क्षेत्रकै पहिलो वित्तीय संस्था हो ।

बैंकका अध्यक्ष सुदिप आचार्य र नेपाल आँखा अस्पतालका अध्यक्ष डा. गोपाल प्रसाद पोखेलले संयुक्त रुपमा एक समारोहकाबीच उक्त सुविधाको शुभारम्भ गर्नु भएको हो । बैंकले यस अगाडि पनि visually impaired व्यक्तिहरुलाई समेत आफै खाता खोली बैंकिङ कारोबार गर्न सहयोग मिलोस भन्ने उद्देश्यले ब्रेललिपि प्रयोग गरि बचत खाता सञ्चालनमा ल्याइसकेको बैकले जनाएको छ ।

## सन नेपाल लाइफको अभिकर्ता सम्मान कार्यक्रम सम्पन्न

काठमाडौं । सन नेपाल लाइफले विभिन्न ४ छुट्टा छुट्टै स्थानमा अभिकर्ता तालिम र मोटिभेशन कार्यक्रम सम्पन्न गरेको छ । कम्पनीले म्याग्दी, बागलुङ, बुर्तिबाङ र पोखरामा उक्त कार्यक्रम सम्पन्न गरेको हो । कार्यक्रम कम्पनीका महाप्रबन्धक कमलराज गौतमले उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा बोल्दै महाप्रबन्धक गौतमले कम्पनीको स्थापना कालदेखि नै सचेतना कार्यक्रम, बीमा अभिकर्ता तालिम र बीमा जागरण सम्बन्धी विभिन्न कार्यक्रमहरु निरन्तर सञ्चालन गर्दै आएको र आगामी दिनहरुमा पनि यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिदै जाने बताउनु भएको थियो । देशैभर शाखा सञ्जालबाट बीमा सेवा प्रदान गर्दै आएको सनलाइफ बीमा कम्पनीले निकट भविष्यमा नै सर्वसाधारणलाई साधारण शेयर निष्काशन गर्ने प्रस्ताव पारित गरिसकेको पनि प्रेस विज्ञप्ति मार्फत जानकारी दिएको छ ।

## सामसुङ किन्दा बिओके वाट सजिलै ऋण पाइने

काठमाडौं । नेपालीहरुको आउदै गरेको चाडपर्वहरु दशैं, तिहार, नेपाल संवत् तथा छठलाई लक्षित गरी बैंक अफ काठमाण्डु लिमिटेडको क्रेडिट कार्ड बाहक ग्राहाकहरुलाई शुन्य प्रतिशत ब्याजदरको सुविधामा सामसुङ कम्पनीको स्मार्ट फोन, टेबलेट सरल किस्तावन्दी पाउने गरी सम्झौता गरेको छ । बैंक र नेपालस्थित सामसुङ मोबाइल फोनको आधिकारिक बिक्रेता आईएमएस नेपाल प्रा. लि. सँग सम्झौता गरी ग्राहाकलाई सेवा दिन लागेको बैकले प्रेस बक्तव्य पठाएर जानकारी दिएको हो । नेपालस्थित सामसुङ मोबाइल फोनको आधिकारिक बिक्रेता आईएमएस नेपाल प्रा. लि.काठमाण्डौंमा ६ स्थान सहित पोखरा, बुटवल तथा धनगढीमा गरी नेपालभर ९ वटा आधिकारिक शोरुमहरु रहेका छन् । बैंक अफ काठमाण्डु लिमिटेडले ९० शाखा कार्यालयहरु, ८१ एटिएम र १० एक्स्टेन्सन काउन्टरबाट आफ्ना ग्राहकहरुलाई सेवा दिदै आएको छ ।

## गुल्मीका स्थानीय निकायहरुमा ग्लोबल आइएमई बैंकको सहकार्य

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेड र गुल्मी जिल्लाका स्थानीय तहहरुबीच हेफर नेपालको समन्वयमा बाखा पालन सामुदायिक विकास परियोजना अन्तर्गत कृषकहरुलाई प्रोत्साहन गरी वित्तीय मुल प्रवाहमा पँहुच बढाई कृषि उत्पादन वृद्धि गर्न सहुलियतपूर्ण कर्जा प्रवाह गर्ने सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । सम्झौतामा बैंकको तर्फबाट लुम्बिनी प्रादेशिक कार्यालय प्रमुख रवि श्रेष्ठ तथा मुसीकोट नगरपालिकाको तर्फबाट नगरपालिकाका मेयर सोमनाथ सापकोटा, इस्मा गाँउपालिकाको तर्फबाट गाउँपालिकाका अध्यक्ष लक्ष्मणबहादुर विष्ट, मालिका गाँउपालिकाको तर्फबाट गाउँपालिकाका अध्यक्ष रितबहादुर थापा, मदाने गाँउपालिकाको तर्फबाट गाउँपालिकाका अध्यक्ष दानबहादुर के.सी. र धुर्कोट गाँउपालिकाको तर्फबाट गाउँपालिकाका अध्यक्ष भूपाल पोखरेलले संयुक्त रुपमा हस्ताक्षर गर्नुभएको छ ।

सम्झौता पत्रमा हेफर नेपालको तर्फबाट बाखा पालन सामुदायिक विकास

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
The Bank For All

परियोजनाका संयोजक अनन्तराज सिलवालले हस्ताक्षर गर्नुभएको छ ।

सम्झौता अनुसार ग्लोबल आइएमई बैंकले सहुलियतपूर्ण कर्जाको एकिकृत कार्यविधि, २०७५ (संशोधन सहित) अन्तर्गत मुसीकोट नगरपालिका, इस्मा गाँउपालिका, मालिका गाँउपालिका, मदाने गाँउपालिका, र धुर्कोट गाँउपालिकाको सिफारिसमा हेफर प्रोजेक्ट नेपाल अन्तर्गतको बाखा पालन सामुदायिक विकास परियोजनाका लागि उद्यमी, कृषक, फर्म तथा कम्पनीलाई (प्रति ग्राहक अधिकतम् दश लाख रुपैया मात्र) सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने छ भने परियोजना अन्तर्गतका ऋणिहरुलाई हेफर प्रोजेक्ट नेपालले आवश्यक तालिमको व्यवस्था गर्नेछ । मुलुकभर तथा मुलुक बाहिर शाखा सञ्जाल रहेको ग्लोबल आइएमई बैंकले बैंकिङ्ग सेवाको पहुँच पुऱ्याउने ७६ जिल्लामा २८० शाखा, २५० एटीएम, २५७ शाखा रहित बैंकिङ्ग सेवा, ४७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी ८०० भन्दा बढि सेवा केन्द्रबाट ग्राहकवर्गलाई सेवा प्रदान गरिरहेको छ । 'सबैका लागि बैंक' भन्ने नाराका साथ बैंकले २३ लाख भन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गर्दै आइरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको दावी गर्ने गरेको छ ।

## माछापुच्छ्रे बैंकको २१ औं वार्षिकोत्सव सम्पन्न

माछापुच्छ्रे बैंक लि. २१ वर्ष पूरा गरी २२ औं वर्षमा प्रवेश गरेको छ । सोही अवसरमा बैंकले एक कार्यक्रमका बीचमा २० वर्ष भन्दा बढी निरन्तर सेवामा कार्यरत कर्मचारीहरुलाई सम्मान गरेको छ । यसअघि नै बैंकले वार्षिकोत्सवको उपलक्ष्यमा ल्याएको आफ्नो १० दिने क्यासब्याक अफर पनि सोही दिन अन्तिम रहेको बैंकले जनाएको छ । जस अन्तर्गत ग्राहकहरुले डेबिट वा क्रेडिट कार्डबाट पिओएस वा इ-कमर्स साइटमा कार्डबाट कम्तिमा ३ वटा कारोबार गरी दैनिक रु २१० सम्म र अफर अवधि भर अधिकतम रु २१०० सम्मको क्यास ब्याक पाउन सक्नुहनेछ । क्यास ब्याकको अतिरिक्त ग्राहकहरुलाई दैनिक आकर्षक उपहारहरु पनि प्रदान गरिएको छ । डेबिट र क्रेडिट कार्ड बाहेक बैंकको मोबाईल बैकिङ्गबाट अफर अवधि भर कुनै पनि कारोबार गर्ने ग्राहकहरु मध्येबाट एक जनाले मेगा बम्पर उपहार स्वरुप फोनपेको तर्फबाट सामसुङ ग्यालेक्सी एस २१ फोन प्राप्त गर्न सक्नुहुनेछ । साथै सबल उत्कृष्ट एंव विस्तारित पहिचान बनाएको माछापुच्छ्रे बैंकको २१ वर्षको गौरवमय यात्रामा साथ दिनुहुने सम्पूर्ण ग्राहकवर्ग शेयरधनि, नियमनकारी निकाय, कर्मचारी एंव शुभचिन्तक महानुभावहरुमा बैंकले हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा पनि अझ उत्कृष्ट सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# जेष्ठ नागरिकहरु समस्यामा परे मलाई भन्नु : मेयर गजेन्द्र

ललितपुर । गोदावरी नगरपालिका वाडन १२ स्थित जेष्ठ नागरिक चौतारी ठेचोले आयोजना गरेको दोस्रो साधरणसभा कार्यक्रमका प्रमुख अतिथिको रुपमा आएका गोदावरी नगरपालिकाका मेयर गजेन्द्र महर्जनले "यस नगरपालिका भित्र कुनै पनि जेष्ठ नागरिक समस्यामा परेमा तत्कालै मलाई खवर गर्न भनेका हुन"



उनले आफु निर्वाचित भएपछि गोदावरी नगरपालिकाका १४ वटै वडामा जेष्ठ नागरिकहरुको लगि प्रत्येक वडामा रु १ लाँख बजेट छुट्याएको बताएका थिए । उनले अहिले गोदावरी नगरपालिकाका जेष्ठ नागरिकहरुलाई सुगर र प्रेसरको औषधी एक महिनाको लागि निशुल्क दिनलाई लगत संकलन गरि सकेको दशै सकिए लगतै सुगर र प्रेसरका जेष्ठ विरामीलाई वडा वडावाट घर घरमै औषधी वितरण गरिने पनि बताए ।

कार्यक्रम यहि असोज १६ गते गोदावरी नगरपालिकाको वाडन १२ मा जेष्ठ नागरिक चौतारीको नयाँ भवनमा भएको थियो ।

कार्यक्रमको सभापतित्व बालकृष्ण थापा मगरले गरेका थिए । भने वडा अध्यक्ष जगत बहादुर महर्जन बिशेष अतिथि बक्ताको रुपमा आएका थिए वडा अध्यक्ष महर्जनले जेष्ठ नागरिक चौतारी ठेचोको निर्मित भवन बनाउन र




व्यामशाला निर्माण गर्न बालकृष्ण थापा मगरको ठुलो योगदान रहेको बताएका थिए । यो कुनै बजेट छुट्याएर सरकारवाट रकम ल्याएर नबनाएको तर बोलि बिकेको र नमुना जेष्ठ नागरिक भवन बनेको भनाई राखेका थिए ।

कार्यक्रममा विभिन्न क्षेत्रका व्याक्तित्वहरु अतिथिको रुपमा आएका थिए ।

बिशेष अतिथिमा  कार्यक्रम जेष्ठ नागरिकहरुको भएको भएपनि बिद्यार्थीहरुले कविता बाचन गरेर सुनाएका थिए ।

जेष्ठ नागरिक चौतारीका ठेचोका सञ्चार सल्लाहकार ब्रबिम बस्नेतले कार्यक्रम र संस्थाको वारेमा प्रष्ट पारेका थिए ।

कार्यक्रममा झण्डै दुईसय जेष्ठ नागरिकहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रमको सञ्चालन रिना मालीले गरिकी थिइन । कार्यक्रममा जेष्ठ नागरिकहरुलाई स्वास्थ्य सामग्री प्रदान गरिएको थियो ति सामग्रीहरु रोटरी क्लव महाबौद्धवाट प्रतिनिधित्व गरेर आएका रोटरी क्लवका इलेक प्रेसिडेन्ट बत्सा शाक्यले स्वास्थ्य सामग्री प्रदान गरेका थिए । त्यसैगरी सहयोग गर्नेहरुमा लाइन्स क्लव अफ काठमाडौका प्रोफेसनल डा.अजय सिंह थापामगरले पनि कार्यक्रममा जेष्ठ नागरिकहरुलाई सहयोग गर्न प्रतिनिधित्व गरेर आएका थिए ।

त्यस्तै सहयोग गर्ने संस्थाहरुमा कार्यक्रमलाई डिडि बेकरीले दुध,पाउरोटी माक्स सहयोग गरेको भनि अध्यक्ष बालकृष्ण थापा मगरले कार्यक्रमस्थलमै धन्यवाद दिएका थिए ।

कार्यक्रम ११ बजे सुरु भएर दिउसो २ बजेसम्म चलेको थियो । सोही अवसरमा प्रमुख अतिथिले जेष्ठ नागरिक चौतारी ठेचोको व्यामशाला उदघाटन गरेका थिए ।

कार्यक्रमलाई आकर्षक बनाउन विभिन्न विद्यालयका बिद्यार्थीहरुले कविता बाचन गरेका थिए । १३ जना बिद्यार्थी कविहरुले कविता बाचनमा प्रतिस्पर्धा गरेर प्रथम, दोस्रो, तेस्रो हुने बिद्यार्थीहरुलाई पुरुस्कार वितरण गरिएको थियो ।

कविता बाचनमा प्रथमको बाजी इसिका महर्जनले मारिन भने दोस्रो कफिना महर्जनले जितिन् । तेस्रो स्थानमा गौराङग न्यौपानेले पुरुस्कार जिते अन्य दुईजनाले सानत्वना पुरुस्कार प्रप्त गरे १३ जना बिद्यार्थी सवैलाई प्रमाण पत्रले सम्मान गरिएको थियो ।

जेष्ठ नागरिक चौतारी ठेचोलाई विभिन्न क्षेत्रवाट सहयोग, योगदान पुऱ्याउने व्यात्तित्वहरुलाई सम्मान पत्रहरु प्रमुख अतिथि, बिशेष अतिथिको हातवाट वितरण गरिएको थियो । प्रमुख अतिथि मेयरलाई बालकृष्ण थापामगरले मायाको चिनो प्रदान गरेका थिए ।

कार्यक्रमा डा. उत्तमकृष्ण कर्मचार्यले जेष्ठ नागरिक भएर निरासा कहिल्यै हुनुहुदैन उत्साहले इनर्जी दिन्छ भन्दै कार्यक्रममा उपस्थित भएका जेष्ठ नागरिकहरुलाई हौशला प्रदान गरेका  थिए ।

**अतिथिहरुमा**

ऐरावती प्रकाशन प्रा.लि.का कार्यकारी निर्देशक, रामदेव पाण्डे,एजिङ्ग नेपालका निर्देशक प्रकाश गौतम,लायन्स क्लव अफ काठमाण्डौं, प्रोफेसनल्सका अध्यक्ष तथा बि एण्ड .बि अस्पताल, इमेर्जेन्सी शाखाका प्रमुख डा. अजय सिंह थापा मगर ,गो.न.पा. वडा नं. १२ वडा सदस्य रविन्द्र महर्जन,गो.न.पा. वडा नं. १२ का महिला वडा सदस्य शोभा कार्की, सुनगाभा महिला विकास बहुउद्धेसिय सहकारी संस्थाका अध्यक्ष निर्मला क्षेत्री , ढल्केश्वर महादेव मन्दिर तथा जेष्ठ नागरिक समितिका अध्यक्ष कृष्ण बहादुर महर्जन,जेष्ठ नागरिक दिवा सेवा, सुनाकोठीका अध्यक्ष ज्ञान कुमार महर्जन ,बृद्ध सेवा समिति, सुनाकोठीका अध्यक्ष रामचन्द्र महर्जन ,इन्जिनियर प्रभाकार शर्मा ,रोटरी ल्कव अफ महाबौद्धका इलेक्ट प्रिसीडेन्ट वत्सा शाक्य , प्रमिला कर्माचार्य ,लेखक डा. होमनाथ चालिसे ,डा. बुद्द बहादुर कार्की, जन आकाश राष्ट्रिय साप्ताहिक पत्रिकाका प्रधान सम्पादक मोहन कार्की, शिक्षा विकास तथा समन्वय इकाई ओखलढुंगाको पूर्व इकाई प्रमुख दामोदर रेग्मी उल्लेखित व्याक्तित्वहरु अतिथिको रुपमा उपस्थित थिए ।

**सम्मान पत्रवाट सम्मानित हुनेहरुको नामवली यस प्रकार छ ।**

जेष्ठ नागरिक चौतारी, ठेचोका स्वास्थ्यकर्मीहरुतर्फ

१. सरिता थापा कार्की
२. सर्मिला महर्जन
३. सृजना महर्जन
४. विमा थापा मगर

उक्त आयोजनामा जेष्ठ नागरिक हाम्रा गौरव  सिर्शक कविता प्रतियोगितामा सहभागि र प्रथम, द्धतिय, तृतिय हुने साथै प्रमाणपत्र प्रप्त गर्ने विद्यार्थीहरुको नामवली यस प्रकार रहेका छन् ।

प्रथम इशिका महर्ज: नेवा ईङ्गलिस स्कुल,दोस्रो कफिना महर्जन:   लिटिल स्टार ईङ्गलिस स्कुल,तेस्रो गौराङ्ग न्यौपाने: सोमाङ्ग एकाडेमी,सान्तोना  विनिशा शाही:लिटिल स्टार ईङ्गलिस स्कुल,सान्तोना  रितिस्मा लामा:  दिपमाला ईङ्गलिस स्कुल,

**कविताका निर्णायक मण्डल**

ऐरावती प्रकाशन प्रा.लि.का कार्यकारी निर्देशक,  रामदेव पाण्डे

एजिङ्ग नेपालका निर्देशक प्रकाश गौतमले  कविताको मुल्याङकन गरी निर्णय गरेका थिए ।

जेष्ठ नागरिक चौतारी ठेचोलाई योगदान पुऱ्याउने निम्न व्याक्तिहरुलाई सम्मान पत्रले सम्मानित गरिएको थियो ।

**सम्मानित हुने व्याक्तिहरु  यस प्रकार रहेका छन् ।**

१. श्री नवदुर्गा टोल सुधार समिति, ठेचो ।
२. राजेन्द्र माली
३. रामेश्वर माली
४. रत्नमानमाली
५. लक्ष्मीथापा मगर
६. राममाली
७. कृष्ण गोपालमहर्जन
८. रत्नबहादुर माली
९. रामगोपालमहर्जन
१०. सफलमाली
११. दिपेन्द्र माली
१२. सनम माली
१३. केशर गोपाल माली
१४. श्री ब्रम्हायणी ट्रेडिङ्ग प्रा.लि.
१५. श्री हनुमान ईंटा उधोग प्रा.लि.
१६. एपोलो त्रिकास एण्ड ल्बक प्रा.लि., ठेचो
१७. वजस निर्माण सेवा प्रा.लि. चापागाउँ
१८ सुरेस महर्जन
१९. प्रकृति नर्सरी, प्रो. जीवनाथ पुडासैनी
२०. गोदावरी नगरपीलका वडा नं.१२, ठेचो
२१. चिरी बाबु माली

**त्यसैगरी श्रमदान गर्नेहरुलाई पनि सम्मान पत्रले सम्मान गरिएको थियो । सम्मानित हुने व्याक्तिहरुको नाम यस प्रकार रहेको छ ।**



१. अनिषा माली
२.सोमनाथ माली
३. विजु माली
४.नरेन्द्र माली
५.प्रेम राई
६.गुरुदेव महर्जन
७. कृष्ण माली
८.माइकल माली
९. निकेश माली
१०.बुद्ध माली
११. चिरीबाबु माली
१२.शिवराम माली
१३.जीवन महर्जन
१४.साइला माली
१५.राजु माली
१६.अमित माली

उक्त कार्यक्रम जेष्ठ नागरिक दिवशको भोलिपल्ट पारेर गरिएको थियो कार्यक्रमको व्यावस्थापन राम्रो थियो तर कार्यक्रम सञ्चालको प्रस्तुतीकरणमा अलि ध्यान दिएको भए कार्यक्रमले दिन खोजेको योगदान अझै राम्रो बन्थ्यो । समग्रमा कार्यक्रमले जेष्ठ नागरिकहरुको आशिर्वाद पाएको थियो ।

# सल्यान डायरी

## भैसीपालनबाट मासिक एक लाख बढी आम्दानी

**करेश्मा गिरी, सल्यान,**

जिल्लाको  बनगाड कुपिण्डे नगरपालिका -१ देवस्थलका प्रमेष केसीले व्यावसायिक भैसीपालनबाट मनग्य आम्दानी आम्दानी गर्दै आइरहेका छन् । वैदेशिक रोजगारीमा जाने प्रवृत्तिका बाबजुद केसीले भैसीपालनबाट मासिक एक लाख बढी आम्दानी गर्दै आइरहनुभएको छ । भैंसी पालनबाट राम्रो आम्दानी देखेर भैंसी फर्म सञ्चालन गरेको उहाँको भनाई छ । सुरुमा थोरैबाट सञ्चालन गरेको फर्ममा अहिले १५ वटा भैंसी छन् । जसमा ८ वटा भैंसी दुहुना छन् । आठ वटा दुहुना भैंसीबाट दैनिक ७० लिटर दूध बजार पठाउने गरेको उहाँको भनाई छ । ६० रुपैयाँ प्रतिलिटरका हिसाबले दूध बिक्री भइरहेको उहाँले बताउनुभयो । आफूसँगै अन्य किसानले उत्पादन गरेको दूध स्थानीय बजारमा खपतको समस्या हुन थालेपछि आफैले डेरी सञ्चालन गरी नेपालगन्ज पठाउने योजना बनाएको केसीले बताउनु भयो ।  केसीले अर्ग्यानिक कृषि तथा पशुपक्षी भैंसी फर्म दर्ता गरेर मासिक १ लाख २६ हजार आम्दानी गर्दै आइरहनुभएको छ  । भैंसी फर्म सञ्चालन गर्दै आइरहेका केसीले दुई जनालाई रोजगारी समेत दिदै आएको बताउनुभयो ।

## सल्यानमा जीपको ठक्करबाट दुई विद्यार्थीको मृत्यु

सल्यान । सल्यानमा जीपको ठक्करबाट दुइजना वद्यिार्थीको ज्यान गएको छ । तीनजना घाइते भएका छन् । शुक्रवार बिहान जिपको ठक्करबाट गम्भीर घाइते भएका विद्यार्थी सल्यान शारदा नगरपालिका - ६ बरलाकी अन्दाजी १८ बर्षिया रेखा बुढाथोकी र सोही ठाउँकी अन्दाजी १८ वर्षकै सुनिता नेपालीको ज्यान गएको जिल्ला प्रहरी कार्यालय सल्यानका सुचना अधिकारी अर्जुन पौडेलले जानकारी दिनुभएको छ । दुबै जनाको राप्ती प्रादेशिक अस्पताल दाङ्ग तुलसीपुरमा उपचारको क्रममा दिउँसो मृत्यु भएको उहाँले बताउनुभयो । यस्तै घाइते हुनेहरुमा शारदा नगरपालिका ६ कि १८ बर्षिया मिना परियार, १५ बर्षीया सुशिला नेपाली, र १८ बर्षीया दिपा बुढाथोकी रहेको प्रहरीले जनाएको छ ।

हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७८ को अवसर सम्पुर्ण देश–बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना

प्रज्वल जंग पाण्डे
अध्यक्ष
नेपाल औषधी उत्पादक संघ

हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७८ को अवसर सम्पुर्ण देश–बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना



अशोक कुमार श्रेष्ठ
नेपाल हिमालय सीमापार बाणिज्य संघ

हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७८ को अवसर सम्पुर्ण देश–बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना

कृष्ण कुमार फुयाल
अध्यक्ष
फुटवेयर म्यानुफ्याचर्स एशोसिएसन अफ नेपाल

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक



**नेपाल........**

संघले खाद्य एवं किराना तथा थोक व्यवसायीको हक हित तथा अधिकारका क्षेत्रमा काम गर्दै आएको छ ।

आम उपभोक्तालाई सुपथ मूल्यमा सुलभ ढंगले दैनिक उपभोग्य सामग्री उपलब्ध गराउन प्रतिबद्ध रहेको संघका अध्यक्ष श्रेष्ठले बताए । उनले उपभोग्य वस्तुको बिक्री वितरणका लागि राज्यले सहजीकरण गर्नुपर्ने धारणा राखे ।

**नेपाल........**

गर्न सकिने आधार बोकेको देश नेपाल हो । नेपालको आफ्नै लगानीमा बनेको ४५६ मेगावाटको माथिल्लो तामाकोशी जलबिधुतले यसलाई पुष्टि गर्छ । नेपालले मित्र राष्ट्रहरुको सहयोगमा बनाइराखेको पोखरा क्षेत्रिय बिमानस्थल, भैरवा अन्तराष्ट्रिय विमानस्थलहरु निर्माणले पनि नयाँ संरचना बनाउन सकिदो रहेछ भन्ने देखाउँछ ।

त्यसैगरी नेपालका हिमश्रृखलाहरुको क्षेत्रमा पर्यटकीय भौतिक संरचनाहरुको विकास गरेर अन्तराष्ट्रिय पर्यटनको आकर्षण केन्द्रको रुपमा विकास गर्नसकिने सम्भावनाहरु रहेका देखिन्छन् ।

धार्मिक क्षेत्रहरु जस्तै भैरहवाको लुम्बिनी, काठमाडौको पशुपतिनाथ मन्दिर, बौद्ध क्षेत्र, स्वयम्भु स्तुप भएको क्षेत्र, रसुवा जिल्लामा रहेको मुक्तिनाथ , खोटाङ जिल्लामा रहेको हलेसी महादेव, लगायत थुप्रै तिर्थस्थलहरु नेपालमा रहेका छन् ।

हुनत नेपालको कास्की जिल्लामा पर्ने पोखराको फेवाताल, वेगनास ताल, मुगुको राराताल लगायतका पर्यटकीय क्षेत्रहरुमा धेरथोर पर्यटक आएका छन् । साथै विश्वको अग्लो सगरमाथाको क्षेत्रमा पनि पर्यटक आउने गरेका छन् । ति पर्यटकहरुवाट देशले मनग्य आम्दानी गर्दै आएको छ । यी क्षेत्रमा भएका आम्दानी र आएका पर्यटकको अवस्थालाइ हेर्दा हामीले हाम्रो देशमा तरिका मिलाएर विकासका सम्भावनालाई सदुपयोग गर्‍यौ भने देश विकास सम्भव छ पर्यटनवाट आम्दानी बढाउछ भन्ने देखाउछ ।

नेपालको राजधानी रहेको काठमाडौ उपत्यकामा बनेको कोटेश्वर( जगाती दुर्त मार्ग, र कोटेश्वरवाट कंलकी सम्म बनाइएको दुर्त मार्गले विकासका कामहरु हुन सक्छन् भन्ने उदारण दिइसकेका छन् । सिचाँइका क्षेत्रहरुमा सिक्टा सिचाँइ योजना बनिसकेको छ । त्यस्तै खुरकोट कमला मरिन सिचाँइ योजना जस्ता थुप्रै योजनाहरु सञ्चालनको तयारीमा छन् । विभिन्न जलविधुत आयोजनाहरु पनि बनिरहेका छन् । यस्ता राष्ट्रिय गौरवका आयोजनाहरु बन्न थलेकाले नेपालको भविष्य उज्यालो तर्फ गएको देख्न सक्छौ ।

विश्वमा भइरहेका विकाससँग नेपालको तुलना गर्न भने हाल हामीले सकेका छैनौ । नेपालमा हुने विकासका कामहरु ढिलो हुने, तोकेको समयमा काम सम्पन्न नहुने, लागत बढ्ने जस्ता समस्याले नेपालको विकासमा ढिला भइरहेको छ । यो विगतका काम गराई र अहिले पनि काम भइरहेका क्षेत्रहरुमा यस्तै प्रबृति दोहोरिएका छन् । उदारणका लागि बनिसकेको तामाकोशी जलबिधुत आयोजना, मेलम्ची बहुउदेश्य खानेपानी आयोजना, चिलिमे जलबिधुत आयोजना, लगायतले तोकिईएको समयभन्दा झण्डै दुईतिहाई समय पछाडि मात्र निर्माण सम्पन्न भएका छन् ।

ति आयोजनाहरु सञ्चालन गर्दा नेपालमा राजनीतिक द्वान्द्ध थियो त्यसैलाई कारण बनाउदै आएका तिनीहरुले २०७२ सालको भुकम्प अर्को कारण बनेको थियो । तर नेपालमा अहिले झण्डै १५ बर्ष भइसकेको छ । राजनीतिक स्थायित्व नै छ देशमा । यो समयमा नेपालका नेपालीहरुलाई आफ्नै देशमा रोजगार सृर्जना हुने खालका योजनाहरु बनाइएको देखिदैन ।

काँही कतै सञ्चार माध्यमको प्रयोग गरेर स्थानीय निकायले विकास गरेको प्रचार गरेपनि उल्लेखिय र दिगो विकासको आधार भने देखिएको छैन । मानवीय चेतनाको सुचाङकमा परिवर्तन नल्याएसम्म यस्ता दिगो विकासको आधार सम्भव नहुन सक्छ ।

त्यसैको पछिल्लो उदारण दिनानु दिन नेपाली युवापुस्ताहरु विदेश जान लाइन बसेकै देखिन्छ । ति युवाहरुलाई नेपालमा आकर्षणयुक्त कार्यक्रम ल्याउन बेरोजगार घटाउन, घरका गृहणीहरुको खेर जाने समयलाई सदुपयोग गराउने खालका कार्यक्रम नेपाल सरकारले प्रभावकारी बनाएको देखिदैन । ग्रमीण भेगमा सेवा सुविधाहरु सेवाग्राहीहरुलाई छिटो छरितो तरिकावाट पहुँचमा पुर्‍याउन पनि सकेको छैन । जसले ग्रमीण भेगका जनताले भोग्नु परेका मानवीय संकट, स्वास्थ्य समस्या जस्ता घटनाले समयमा उपचार नपाउने हुँदा निरास भई सहरमा नै सबै नागरिकहरु अवसर खोज्न हिड्दा समस्या देखिएको छ ।

यस्ता समस्यालाई न्यूनिकरण गर्न जिम्मेवार निकायले नै कार्यान्वयन पक्षलाई ध्यान नदिदा आम नागरिकमा निरासा बढ्ने सम्भावना देखिनु स्वाभाविक हो ।

यस्ता कमीकमजोरीहरुलाई सच्याएर वा विगतमा ल्याईएका कार्यक्रमहरु प्रभावकारी नहुँदा सेवाग्राहीलाई परेको असरवाट नयाँ शिक्षा सामाजिक न्यायमा आधारित नेपालको विकास गर्ने अभियान थालिहाल्नु पर्ने टडकारो आवश्यकता देखिन्छ ।

यस्तो समग्रमा देशको विकास गर्ने आधारलाई आत्मसाथ गरेर विकास गर्न थाल्यौ भने नेपाल देशको विकास सम्भव छ । गर्न सकिन्छ ।

**रामेछाप...**

प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार थिए । कुल १३ सय ८८ मत खसेकोमा २९ मत बदर भएको थियो । वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षका न्यौपाने र महत सभापति उठेका थिए । तामाङ भने सभापति शेरबहादुर देउवानिकट हुन् ।

**अध्यक्ष.....**

अमेरिकी र नेटो सैन्य गठबन्धनको असफलताको बारेमा पनि विश्लेषण गरिएको छ ।

दस्तावेजमा भनिएको छ- ‘अफगानिस्तानबाट अमेरिका र नेटो गठबन्धनका सैनिकहरू बीस वर्षपछि पछाडि हटेका छन् । यसले स्पष्ट पारेको छ- जुनसुकै बहानामा गरिए पनि बाहृय हस्तक्षेप र आक्रमण गलत हो । त्यसको असफलता अनिवार्य छ । कुनै पनि मुलुकको समस्या समाधानको जिम्मा सम्बन्धित मुलुककै जनताको हो, बाहृय शक्तिको होइन ।’

दस्तावेजमा ‘अफगानिस्तान घटनाका बाछिटा दक्षिणएशियामा पर्न सक्ने र अफगानिस्तानलाई लिएर भूराजनीतिक तनाव सिर्जना हुनसक्ने सम्भावनालाई पनि ध्यानमा राख्दै नेपाल स्पष्ट रूपमा अहस्तक्षेप, लोकतन्त्र, खुल्लापन र क्षेत्रीय शान्तिका पक्षमा दृढतापूर्वक उभिनुपर्ने’ उल्लेख छ ।

बाहृय तनावको नेपाली असर

दस्तावेजमा भारत र चीनबीचको केही वर्षयताको तनाव र पछिल्लो समयमा दुईपक्षीय सम्बन्धमा आएको सुधारको विषय पनि ओली दस्तावेजमा विश्लेषण रहेको छ । दस्तावेजका अनुसार चीन र भारतबीच शुरु हुन लागेको संवाद, समझदारी र सहकार्यलाई तनाव र सीमा विवादले विस्थापन गर्दै लगेको छ ।

दस्तावेजमा भनिएको छ- ‘दुई देशबीच संवाद भए पनि समस्या कायमै छ । दुई देशबीचको तनावको असर समग्र दक्षिणएशियामा अनुभूत भएको छ । भारत-पाकिस्तानबीच तनाव जारी नै छ ।

भारतसँग नेपाल लगायत विभिन्न छिमेकी मुलुकका कतिपय विवादित विषय अझै समाधान हुनसकेका छैनन् ।’

दस्तावेजमा ओलीले चीन-भारत सम्बन्धको प्रभाव नेपाल लगायत दक्षिणएशिया र समग्र विश्वमै गहिरो गरी पर्ने उल्लेख गरेका छन् ।

‘हामी चीन र भारतबीचको सीमा समस्या लगायतका मतभिन्नताहरू चाँडै समाधान होऊन् र दुई देशबीच सार्थक साझेदारी विकास होस् भन्ने चाहन्छौं’ ओलीले दस्तावेजमा भनेका छन् ।

विश्व बहुध्रुवीय बनेको विश्लेषण

ओलीले दस्तावेजमा विश्व बहुध्रुवीय बनेको विश्लेषण गरेका छन् । विश्व शक्ति-सन्तुलनमा तीव्र परिवर्तन देखा परेको उल्लेख गर्दै उनले भनेका छन्- ‘लामो समयसम्म युरोप-अमेरिका केन्द्रित विश्व ढाँचामाथि चीनको उदय, शक्तिशाली रार्ष्ट्रका रूपमा रूसको पुनरागमन, ब्रिक्स, साङ्घाई सहकार्य सङ्गठन लगायत क्षेत्रीय शक्ति र सङ्गठनहरूको भूमिकाले चुनौती दिएका छन् ।’

यस बाहेक चीनसँग भएको पारवहन सम्झौता, नयाँ नक्शाको विषय, पूर्ववर्ती सरकारले ल्याएको नयाँ परराष्ट्र नीति, नाकाबन्दीको समयमा ओलीले लिएको अडानलगायत विषय समावेश गरिएको छ ।

# टेलिकमको फोरजी सेवासहितको टावर सञ्चालन

खोटाङ । जिल्लाको विभिन्न १८ स्थानमा नेपाल टेलिकमको फोरजी सेवासहितको टेलिफोन टावर सञ्चालनमा आएको छ । जिल्लाका दशवटै स्थानीय तहमा फोरजी सेवासहितको टेलिफोन टावर सञ्चालन गर्ने लक्ष्य लिएको टेलिकमले पहिलो चरणमा जिल्ला विभिन्न १८ स्थानमा सञ्चालनमा ल्याएको हो । दिक्तेलस्थित टेलिकमको कार्यालय, रत्नपार्क, हलेसी, च्यास्मिटार , बाहुनीडाँडा, सिम्पानी, खोटाङबजार, सावाकटहरे, चिसापानी, बराहपोखरी, मात्तिमबिर्ता, खिदिमा, बाँझेच्यानडाँडा, दोर्पाबुवालुङ, फेदी बाक्सिला र बुइपामा जडान गरिएको टावर सञ्चालनमा आएको नेपाल टेलिकम खोटाङका कार्यालय प्रमुख खगेन्द्र मगरले बताउनुभयो । “नमस्ते मोबाइलका सेवाग्राहीको समस्यालाई मध्यनजर गर्दै टेलिकमले गत आर्थिक वर्ष जिल्लाका २८ स्थानमा टेलिफोन टावर जडानको काम थालेको थियो”, उहाँले भन्नुभयो, “जडान गरिएकामध्ये पहिलो चरणमा १८ वटा सञ्चालन गरिएको छ । निर्माणाधीन दशवटा पनि चाँडै सञ्चालन गर्ने तयारी गरेका छौँ ।”

दोस्रो चरणमा बतासे, छितापोखरी, खार्पा, दुवेकोल, ऐंसेलुखर्क, पाथेका, मेरुङ, मुडे र आमचोकमा जडान गरिएका टेलिफान टावर सञ्चालन गर्ने तयारी गरिएको टेलिकम खोटाङका कार्यालय प्रमुख मगरले बताउनुभयो । “टेलिफोन टावरका लागि आवश्यक सामग्री ल्याई सकिएको छ”, उहाँले भन्नुभयो, “अहिले जिल्लाका ग्रामिण सडक अवरुद्ध रहेकाले निर्माणस्थल पुर्‍याउन सकिएको छैन । दस/तिहारलगत्तै बाँकी दशवटै ठाउँका टेलिफोन टावर सञ्चालनमा ल्याउँछौँ ।”नेपाल टेलिकम खोटाङका अनुसार यस वर्ष जिल्लाका थप तीन ठाउँमा टेलिफोन टावर जडानका लागि केन्द्रबाट कार्यक्रम आएको जनाइएको छ । सल्ले, राजापानी र लिच्किराम्चेमा यस वर्ष टेलिफोन टावर जडानका लागि केन्द्रबाट थप कार्यक्रम आएको कार्यालय प्रमुख मगरले जानकारी दिनुभयो ।

नेपाल टेलिकमले जिल्लामा फोरजी सेवासहितको टेलिफोन टावर सञ्चालनमा ल्याएपछि अधिकांश भेगका सेवाग्राही लाभान्वित भएका छन् । जिल्लामा जडान गरिएका टेलिफोन टावरलाई प्रभावकारी बनाउन केन्द्रीय प्रशारण लाइनको विद्युत्का साथै सोलार प्यानेल जडान गरिएको टेलिकमले जनाएको छ । जिल्लाका अधिकांश भेगमा फोरजी सेवासहितको टेलिफोन टावर सञ्चालनमा ल्याएपछि दुई नगर र आठ गाउँपालिका रहेको जिल्लामा नमस्ते मोबाइल प्रयोग गर्ने सेवाग्राहीको सङ्ख्यासमेत वृद्धि हुँदै गएका छन् । गाउँगाउँमा फोरजीसहितको नमस्ते मोबाइल सेवा सञ्चालन भएपछि जिल्लामा रिचार्ज कार्डमात्रै रु दुई करोड बढीको खपत हुने गरेको कार्यालय प्रमुख मगरले जानकारी दिनुभयो ।

टेलिकमले जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारका साथै धार्मिक तथा पर्यटकीयस्थल हलेसी, चिसापानी, ऐंसेलुखर्क र खोटाङबजारमा ल्याण्डलाइन टेलिफोन विस्तार गरेको छ । जिल्लाका विभिन्न ठाउँमागरी करिब ६०० उपभोक्ताले टेलिकमको एडिएसएल सेवा लिएको जनाइएको छ । जिल्लामा इन्टरनेट सेवालाई समेत प्रभावकारी बनाउन पहल थालेको टेलिकमले पछिल्लो समय दिक्तेल बजारमा फाइबर विस्तारको कामसमेत तीव्रगतिमा अगाडि बढाएको छ । दसैं/तिहारलगत्तै सेवाग्राहीलाई फाइबर सेवा वितरण गर्ने लक्ष्य लिएको टेलिकमले दिक्तेल बजारमा तार टाँग्ने काम सम्पन्न गरिसकेको छ । दिक्तेल बजारमा फाइबर सेवा सुरु भएपछि इन्टरनेटमा कुनै समस्या नआउने कार्यालय प्रमुख मगरले बताउनुभयो । “जिल्लामा विस्तार गरिएका एडिएसएल सेवामा समेत बेलाबखत समस्या देखिने गरेको छ”, उहाँले भन्नुभयो, “फाइबार मार्फत वितरण गरिने इन्टरनेट छिटो चल्नुका साथै अवरुद्ध हुने सम्भावना कम हुन्छ ।” बढ्दो प्रविधिको प्रयोगसँगै जिल्लाका सबै स्थानीय तह तथा सरकारी कार्यालयमा इन्टरनेटमार्फत सेवा प्रवाह शुरु गरिएको छ तर, इन्टरनेट सेवा प्रदायक कम्पनीको लापर्वाहीले स्थानीय तह तथा कार्यालयमा जडान गरिएका इन्टरनेट सेवा प्रभावकारी नहुँदा सेवाग्राही मारमा परेका छन् । सेवाग्राहीलाई बिना झन्झट छिटो सेवा दिने उद्देश्यले अधिकांश स्थानीय तह तथा सरकारी कार्यालयले पेपरलेस (बिना कागजात) इन्टरनेटमार्फत कामसमेत सुरु गरेको छ । इन्टरनेट सेवा प्रभावकारी नहुँदा कार्यालयमा जडान गरिएका कम्प्युटरमा सिस्टम (प्रविधि) नचलेपछि सेवाग्राहीको काम घण्टौंसम्म रोकिने गरेको छ । दश स्थानीय तह रहेको जिल्लामा दर्जन बढी इन्टरनेट सेवा प्रदायक कम्पनीको इन्टरनेट जडान गरिएका छन् । कतिपयले सेवाग्राहीबाट अग्रिम भुक्तानी लिएर जडान गरिदिएका छन् भने, कतिपयले मासिकरुपमा भुक्तानी लिने गरेका छन् । इन्टरनेट सेवा प्रभावकारी नहुँदा सबैभन्दा बढी बैङ्क तथा वित्तीय संस्था र जिल्लामा क्रियाशील सञ्चारकर्मी मारमा परेका छन् । यससँगै जग्गा पास तथा नामसारी गर्न जिल्ला मालपोत कार्यालय आउने सेवाग्राही पनि उत्तिकै मारमा पर्ने गरेका छन् ।

# अठार वर्षदेखि भाडामा यातायात कार्यालय

वीरगञ्ज । आफ्नै भवन नहुँदा मुलुककै व्यापारिक नगर वीरगञ्जस्थित यातायात व्यवस्था कार्यालय (सवारी) विगत १८ वर्षदेखि अस्तव्यस्त छ । हालसम्म पनि भाडाको घरमा सञ्चालनमा रहेको कार्यालयमा पर्याप्त मात्रामा कार्यकक्ष ( कोठा) नहुँदा सेवाप्रवाहमा समस्या भएको कार्यालयले जनाएको छ । कार्यालयका लागि आवश्यक कोठा नहुँदा साँघुरो भवनबाट सेवाप्रवाह गर्दै आइरहेको वीरगञ्जस्थित यातायात व्यवस्था कार्यालय (सवारी) का निमित्त प्रमुख कुशेश्वर शाहले जानकारी दिनुभयो ।“निमित्त कार्यालय प्रमुखका लागिसमेत छुट्टै कोठा छैन”, निमित्त कार्यालय प्रमुख शाहले भन्नुभयो, “ म पनि फाँटमा बसेर काम गर्दै आएको छु ।” दैनिक एक हजारको हाराहारीमा यस कार्यालयमा विभिन्न कामका लागि सेवाग्राही आउँछन् । बल्लतल्ल सेवाप्रवाह पुर्‍याएको कार्यालयको दाबी छ । दुईवटा भवनमा रहेको यस कार्यालयको मासिक भाडा रु ८४ हजार तिर्नुपर्छ ।

# अन्तराष्ट्रिय समाचार

## गान्धी जयन्तीमा प्रधानमन्त्री मोदीद्वारा गान्धीप्रति श्रद्धा व्यक्त

प्रधानमन्त्री नरेन्द्र मोदीले गान्धी जयन्तीको अवसरमा शनिबार महात्मा गान्धीप्रति श्रद्धाञ्जलि व्यक्त गरेका गर्नुभएको छ । नयाँ दिल्लीको गान्धी स्मृतिमा ‘राष्ट्रपिता’ को सम्मानमा आयोजना गरिएको प्रार्थना सभामा प्रधानमन्त्री मोदी उपस्थित हुनुभई उहाँको तस्बीरमा फूलमाला तथा अबीर चढाएर श्रद्धाञ्जलि व्यक्त गर्नुभएको हो । कार्यक्रममा भारतका उपराष्ट्रपति भेणकैया नायडू पनि उपस्थित हनुभएको थियो । सन् १८६९ अक्टोबर २ मा गुजरातको पोर्बन्दर शहरमा जन्मिएका महात्मा गान्धी (मोहनदास करमचन्द गान्धी) ले अहिंसात्मक प्रतिरोध अपनाएर औपनिवेशिक बेलायती शासन विरुद्धको स्वतन्त्रता संघर्षको अग्रपंक्तिमा रहेर नेतृत्व गर्नुभएको थियो । गान्धीकै नेतृत्वमा सन् १९४७ मा भारतले आफ्नो स्वतन्त्रता प्राप्त गर्न सम्भव भएको थियो । बापू भनेर चिनिने उहाँको ‘स्वराज’ (स्वशासन) र ‘अहिंसा’ प्रतिको अटल विश्वासले उहाँलाई विश्वभर प्रशंसा प्राप्त मिलेको थियो । उहाँको भौतिक रूप नरहेपनि उहाँको कामले उहाँ अमर रहनुभएको छ । विश्वव्यापी रुपमा गान्धीको जन्म जयन्तीलाई अन्तर्राष्ट्रिय अहिंसा दिवसको रूपमा मनाइएको छ । यस अवसरलाई चिनाउन भारत र विश्वभरि थुप्रै कार्यक्रमहरू आयोजना गरिएका छन् ।

## कोभिड विरुद्ध खाने औषधिको सफल परीक्षण भएको कम्पनीको दाबी

अमेरिकी एक औषधि उत्पादक कम्पनीले तयार पारिरहेको कोभिडविरुद्धको एउटा खाने औषधिले गम्भीर लक्षण भएका बिरामीलाई अस्पताल भर्ना हुनुपर्ने अवस्था र मृत्यु आधाले घटाउने नतिजा प्राप्त भएको दावी गरेको छ ।

मोल्नुपिरभिर नामक सो खाने चक्कीको अन्तरिम क्लिनिकल परीक्षण परिणाम अन्त्यन्न सकारात्मक रहेको उत्पादक कम्पनी मर्कले जनाएको छ । मोल्नुपिरभिर चक्की कोभिडका बिरामीलाई दिनको दुईपटक दिइएको थियो । परिणाम उत्साहजनक भएकाले बाह्य अनुगमनकर्ताहरूले परीक्षणकाल छोट्याउन अनुरोध गरेको सो कम्पनीले जनाएको छ । मर्कले अमेरिकामा अबको दुई हप्तामा आपतकालीन प्रयोगका लागि अनुमति लिन निवेदन दिने बताएको छ । अमेरिकी राष्ट्रपति जो बाइडनका प्रमुख मेडिकल सल्लाहकार डाक्टर एन्थोनी फाउचीले परिणाम असाध्यै राम्रो समाचार भएको टिप्पणी गर्नुभएको छ । उहाँले अमेरिकी खाद्य तथा औषधि नियामक निकाय एफडीएले त्यो तथ्याङ्क समीक्षा नगरेसम्म भने सावधानी अपनाउन आग्रह गर्नुभयो । यदि नियामकहरूले अनुमति दिए भने मोल्नुपिरभिर कोभिड-१९ का लागि पहिलो एन्टिभाइरल खाने औषधि बन्नेछ । सुरुमा इन्फ्लुएन्जा उपचारका लागि विकास गरिएको यो औषधिले भाइरसको जेनेटिक कोडमा परिवर्तन ल्याइदिने गरी डिजाइन गरिएको छ, जसले भाइरस शरीरमा फैलनबाट रोक्छ । कोभिड खोपमा भाइरसको बाहिर रहेको चुच्चो प्रोटिनलाई निशाना बनाइन्छ भने खाने चक्कीमा भाइरसले संख्या बढाउने इन्जाइमलाई नै निशाना बनाउने कम्पनीको दाबी छ । एन्टिभाइरस उपचार वा खोप प्रभावकारी नभएका व्यक्तिमा खाने औषधिले काम गरेको खण्डमा महामारी अन्त्य गर्न यो ठूलो हतियार साबित हुने मर्कका उपाध्यक्ष डारिया हजुडाले बताउनुभयो ।

## आमाको मृत्यु भएपछि दुई बालिका लामो समय शवसँगै बिताएको पुष्टि

उत्तरपश्चिमी फ्रान्समा अचानक मृत्यु भएकी आमाको शव लिएर ५ र ७ वर्षका दुई बहिनीले केही दिन एउटा अपार्टमेन्टमा बिताएका भेटिएको क्षेत्रीय अभियोजनकर्ताले शनिबार बताएका छन् । "शान्त रहनुहोस्, मम्मी सुतिरहनुभएको छ," प्रहरीले महिला र बालबालिकाबारे जानकारी लिन पुग्दा बालिकाहरूले बताएका प्रत्यक्षदर्शीले एएफपीलाई जानकारी गराए । मानस शहरमा बुधबार लामो अनुपस्थितिपछि विद्यालयबाट जानकारी गराएपछि उनीहरूको अपार्टमेन्टमा आएका प्रहरी अधिकारीहरूलाई बालिकाहरूले नचलाउन भनेका बताएको अभियोजनकर्ताको कार्यालयले बतायो । त्यसपछि सुरक्षा अधिकारीले आफूहरूले ममीसँग भेटेर जाँने बताएपछि बालिकाहरूले ढोका खोलिदिएका थिए । परीक्षणपछि ती महिलाको केही दिन पहिले नै मृत्यु भएको बताएका थिए । सन् १९९० मा आइभोरी कोस्टमा जन्मेकी र प्राकृतिक मृत्युवरण गरेकी ती महिला केही बर्षदेखि फ्रान्सको मानस सहरमा बस्दै आएकी पत्ता लागेको छ । घटनापछि ती केटीहरूलाई अस्पताल लगेर स्याहार केन्द्रमा राखिएको छ भने उनीहरूलाई मनोवैज्ञानिक परामर्श दिइराखिएको छ । तिनीहरूले आफ्नी मृत आमासित अपार्टमेन्टभित्र कति समय बिताएका थिए भन्ने कुरा अझै स्पष्ट हुन नसकेको प्रहरीले बताएको छ ।

मानसकी अभियोजनकर्ता डेल्फिन डेभले एएफपीसँग भनिन्, "हामीले आपराधिक सम्लग्नता (परिकल्पना) लाई इन्कार गरेका छौं । अब हामी केही दिन पर्खेर ती सानी छोरीहरूको साक्षी बयान लिने कोसिस गर्नेछौं ।ख्"

## चीसोमा काश्मिरी माहुरीपालकको रोजाइ गङ्गानगर

जाडो महिना नजिकिँदै गर्दा अबिद हुसैनजस्ता काश्मिरी मौरीपालकहरू न्यानो मौसम, बढी मह उत्पादन र ठूलो पारिश्रमिकको खोजीमा दक्षिणतर्फको वार्षिक बसाइँसराइको तयारी थालेका छन् । हुसैनले हिमालय क्षेत्रबाट सयौं किलोमिटर टाढा राजस्थानको मरुभूमि राज्यमा मौरीहरू हालेर गाडी पठाउन तयारी गर्दा पाखुरा र अनुहारमा सुरक्षात्मक उपकरणले आफूलाई पूर्णतया ढाकेर सुरक्षा दिन्छन् । लाग्छ उनले आफ्नो परिचय नै फेर्न लागेका छन् । राजस्थानको थार मरुभूमिको छेउमा रहेको श्री गङ्गानगर वरिपरि राया र तोरीको खेती गरिएको विशाल क्षेत्र (७५० किलोमिटर) मा आफूले ‘उपनिवेश’ खडा गरेर बसेको भान हुन्छ । तर यो राजनीतिक वा सामाजिक हैसियत स्थापनाका लागि भने होइन । उनी भन्छन्, "जाडो याममा काश्मिरमा प्राकृतिकलगायत सबै गतिविधि अवरूद्ध बन्छन् । राम्रो विकल्पमा अस्थायी बसाइँ सराइ नै किसानको रोजाइ बन्छ ।" तिनका दर्जनौं सँगी माहुरीपालकहरू शरद् ऋतुमा तातो प्रान्तहरूसम्म पुग्न घुमाउरो पहाडी राजमार्गहरू र उत्तरी भारतीय मैदानहरू हुँदै यात्रा गर्छन् । यो क्रम काश्मिरमा मह उत्पादकहरूले जाडोमा माहुरीलाई बचाउन, माहुरीको लागि फूलहरू (खाना) को व्यवस्था गर्न सन् १९८० को दशकमा यात्रा गर्न थालिएको हो । उक्त समय जब जाडोमा देखिने एक प्रकारको रोगले स्थानीय जातका माहुरीलाई झन्डै सखाप पारेको थियो । पछि उनीहरूको प्रतिस्थापनमा हिमालयको चीसोमा धेरै संवेदनशील युरोपेली प्रजातिहरूद्वारा गरिएको थियो । अहिले हरेक वर्ष चीसो यामभर काश्मिरको दक्षिणी भागमा रहेको थार क्षेत्रमा प्रशस्त बालीहरूमा लाखौं मौरीहरू भुम्छन्, खाना खान्छन् र मह सङ्कलन गर्छन् अनि माहुरीपालकहरूको लागि धेरै मह उत्पादन गर्न मदत गर्छन् ।

# लघुकथाः बुढेसकालमा लौरो साथी




म सधै झैं बिहान उठेर अफिस हिड्थे सधै नै बुढाबुढी आमा बाहरु काठमाडौको बाटाहरुमा हिडिरेको देख्दे मलाई ति आमा बाहरु बिहान मर्निङ वाक हिडेको देखेर स्वास्थ्यको राम्रोको लागि हिडेको अनुमान लगाउथे ।

तर एकदिन निक्कै गम्भिर भएर सोच्दै हिडिरहेको थिए, म काठमाडौ बस्न थालेको २३ बर्ष भएछ कुनैवेला मेरा बुढा बुवा आमाले बाह्र छोरा तेह्र नाति बुढाको धोक्रो काधै माथि भनेको किस्सा याद आयो किनकी आज बिहानै म काठमाडौको चावहिलवाट बागबजारमा रहेको अफिसमा जादै थिए ।

मैले चिनेका एकजना साथीका बुबा लौरो टेकेर स्याँ स्याँ गर्दै ज्ञानेश्वरको उकालो निर हिढिराख्नु भएको देखे र उहाले मलाई सानैदेखि चिन्नुहुन्थ्यो उहाको जेठो छोरो बिबश र म साथी साथी थियौ । उँहा त्यसरी हिड्नु भएको देखेर म अर्को सडकको किनारावाट सडक क्रस गरेर बिबशको बुबा भएको ठाउँमा पुगे र बुबा नमास्कार भने, उहाले टुप्लुक्क हेरेर नमस्कार बाबु भन्दै नमस्कार फर्काउन दुवै हात जोड्न खोज्नु भयो तर एउटा हातमा लट्ठी थियो उहाले ह्रदय भित्रैवाट माया पलाएको मैले महसुस गरे उहाका दुई भाई छोरा थिए एउटाको नाम बिबश थियो उ मेरो साथी हो । भने अर्को भाइको नाम बिशाल थियो । ति बिबश र बिशाल दुवै भाई अमेरिकामा गएका छन् । ति अमेरिकामा भएका दुई दाजुभाइ बिबश र बिशालको बुबासँग म कुरा गर्न पाउदा जति खुशी छु । सायद मेरा बुबा आमा चाडै यस धर्तीवाट बिदा भएर पनि होला साथीहरुको बुबा आमा भेट्दा आफ्नै आमा बाको अभाव पुर्ति हुने गर्छ । तर ति मेरा साथी बिबशको बुबाको मलिनो अनुहारले भनिरहेको थियो उहा त्यति खुशी हुनुहन्नथ्यो । त्यो मलाई भेट्दा होइन की उहाका छोरा, बुहारी, नाता, नातिनाहरु बिदेशमा भएको र छोराछोरी भएपनि बेसाहारा भएको महसुस भएर होला ! मैले बुबालाई गफ गर्दै नजिकै रहेको ज्ञानेश्वर मन्दिर निर लियर गए ज्ञानेश्वर चोकवाट ग्यालेक्सी स्कुलतिर जाने वाटोको भित्रपर्टी फलामका बेन्चहरु राखिएका छन् । त्याहा हामी बस्यौ र मैले बिबशका बुबालाई बिबशको के छ हालखवर भनेर सोधे, बुबाले त्यति खुशी नहुदै कहिलेकाही कुरा हुन्छ बाबु तर के गर्नु जति सम्पति भएपनि यो बुढेसकालमा एउटा लौरो साथी हुने भईहाल्यो भन्नु भयो, मैले मनमनै सोचे नेपालका हरेक मानिसहरुका छोरोछोरीलाई बिदेशमा पढ्न पठाउने नाममा यसैगरी पठाइरहेका छन् । धेरै जति नेपालका नेपालीहरुको बृद्धा अवस्थामा यहि त होला नी ! मैले मनमनै सोचे

बिबशका बुबा बोल्दै थप्दै जानुभयो बाबु तिमी त रामेछापमा जन्मेर बेलाबेलामा घर पनि जान्छौ नेपालमा बसेका छौ मेहनत गरेका छौ हासेर खाएका छैनौ । मैले पनि तिमीले जस्तै बिगतमा मेहनत गरेर हुर्काएका मेरा छोराहरु र ति छोराहरुले बिहे गरेर ल्याएका बुहारी र तिनवाट जन्मेका नाता, नातिना सवै छन् । तर नेपालमा छैनन् । म बुढोको अवस्था यस्तो छ । रोगले थलिएको छु । तिम्रो काकी पनि बिरामी छिन् । उनि पनि राम्रोसँग हिडडुल गर्न सक्दिनन् । हाम्रो काठमाडौको ज्ञानेश्वरमा घर छ । केही पैशाहरु पनि छ । भाडा पनि आउछ । धन सम्पति भएर पनि के गर्नु मर्ने बेलामा एक गिलास पानी दिने मान्छे नहोलान् जस्तो छ बाबु , मैले फोनमा बिबशलाई तँ त जेठो छोरा होस् घर व्यवहार सगाल्नुपर्छ भनेर कतिचोटी अनुरोध गरे नेपाल आउने कुरा गऱ्यो कि बाहाना बाजी गरेर टार्छ । उल्टै अमेरिकामा नै आउनुस् बुवा आमालाई यतै ल्याउछु भनेर भन्छ । यतिका बर्ष जीवन विताएको नेपाल छोडेर कसरी जानु बाबु झण्डै एक घण्टाको लामो कुराकानी गरेर त्यहा कुराकानीमा बिताएर मनमनै म सोच्दै थिए । मेरा साथी बिबशले नेपालमा एउटा कुनै उद्योग खोलेर काम गरेको भएपनि याहि केही गर्न सक्थ्यो नेपलमा भारतवाट केही नभएका कबाडीको काम गर्नेहरु त याहा आएर दुखः गरेर व्यापार गरेर अर्ब पति बनेका छन् । बिबशले त राम्रै काम गर्न नसक्ने कुरै थिएन ! मलाई मनमा कुराहरु खेल्दै थिए । किन गएको होला अमेरिका त्यहा पनि कागज काटेर पैशा बनाउने त होइन होला ! हुनत नेपालमा म रातदिन नभनि खटेर काम गरिरहेको छु । तै पनि प्रगति तुलानात्मक रुपमा देखिएको छैन । तर आत्म सम्मान भने पाएको छु ।

पुनः बिबशको बुबा जस्तै सवै नेपाली बृद्धाबृद्धा आमा बाहरुको अवस्था देशैभरी यस्तै होला भन्दै सोच्दै अफिस जान खोज्दै थिए । एका बिहानै अगाडी पर्टी रहेको म्यानपावरमा एकहुल युवाहरु विदेश जान मेडिकलको लागि लाइन बसेको देखे झनै मनमा अनौठो भावना उत्पन्न हुन थाल्यो के हाम्रो नेपाली समाजको सस्कार नै बन्दै त छैन बिदेश जाने ? युवा जनशक्ति कोही खाडी मुलुकमा काम गर्न गएका, कोही पैशा धेरै भएर छोराछोरीलाई धेरै जान्ने सुन्ने बनाउछु । अमेरिका, इरोप पठाउछु भनेर अरुको देखासेखी गर्दा पनि देश छोड्ने सस्कार बिग्रेर नेपालमा बृद्धाबृद्धाहरुको साथी नै लौरो हुन पुगेको बिरक्त पीडा मनमा दबाउदै म त्यहावाट

अफिस जान हिडे बिबशका बुबा लौरो टेक्दै आफ्नो घरतर्फ लाग्नुभयो । नेपालका बृद्धाहरुको अन्तमा साथी भनेको लौरो बनिरहको छ ।

कस्तो सस्कार दिदैछौ आफैले जन्माएका छोराछोरीलाई यो नेपाली समाजले समिक्षा गनैपर्ने भएको छ ।

यो कथा कसैको भावनामा चोट पुगेमा माफ गर्नुहोला सत्यताम आधारित तर पात्रको नाम फरक पारिएको छ ।

**मोहन कार्की**
**जिल्ला रामेछाप,गोकुलगंगा गाउपालिका**
**वाडन. २ ठोसे-डाडा गाँउ**
**प्रधान सम्पादक जन आकाश राष्ट्रिय साप्ताहिक**
**अध्यक्षः जन आकाश मिडिया प्रा.लि.**
**सम्पर्क न.९८५१०८७१५६**
email : jana.news2065@gmail.com

# स्वादे जिब्रे अल्छी तिघ्रे टेलिसिरियल आउदै

काठमाडौ । स्वादे जिब्रे अल्छी तिघ्रे टेलिसिरियल चाँडै बजारमा आउने भएको छ । सामाजिक कथामा आधारित टेलिसिरियल छिट्टै आउन लागेको टेलिसिरियलका निंदेशक राज तामाङले बताउनु भएको छ ।

नेपालमा २०७६ साल चैत्र ११ गतेवाट लकडाउन लागेपछि रुग्न बनेको फिल्म क्षेत्रलाई प्रभावित पारेको थियो । त्यसपछि राष्ट्रियस्तरका कलाकारसमेत बिकल्पको रुपमा टेलिसिरियल बनाएर आफ्नो कलालाई जीवीत राख्न पऱ्यासरत छन् ।

नयाँ प्रतिभाहरुले युटुव च्यानलहरुको प्रयोग गरेर आफ्नो उदाउदै गरेको कलालाई जीवन्त राखिरहेका छन् । भलै आम्दानीको खोजी गरेका छैनन् ।

तर स्वादे जिब्रे अल्छी तिघ्रे टेलिसिरियल त्योभन्दा फरक शैलीमा समाजमा भए गरेका घटना र नेपाली समाजमा समसामहिक बिषय वस्तुलाई समेटेर




कलाकारहरु सँग भएको कला सीपलाई समाजप्रति समर्पित गर्न कलाकारहरु तयार भएको हुनाले यो टेलिसिरियल सयुक्त कलाकारहरुको पऱ्यासमा निर्माण भइरहेको निंदेशक तामाङले बताउनु भयो ।

यस टेलिसिरियलको कथा जेएन घिमिरेले लेख्नु भएको हो । उहाको कथालाई निर्देशन राज तामाङले गर्नुभएको छ । साथै कलाकारहरुमा जेएन घिमिरे, मुस्कान घिमिरे, ज्याक गुरुङ, रेश्मा श्रेष्ठ, गोपाल अधिकारी, बिष्णु रोक्का, बिदुर पोखेल,शर्मिला बयलकोटी, अमित भट्टराई, अजिद छढुङगेल ,केशव छढुङगेल, अनिल महर्जन, सृर्जना गजमेयर, रहेकाछन् भने बाल कलाकारमा अनिम थापामगर ले अभिनय गर्नुभएको छ । त्यसैगरी ए. आर. इन्टरटेन्टमेन्ट कला केन्द्रका अध्यक्ष समेत रहनु भएका रविन कपालीले खलनायको भुमिकाको नेतृत्व गर्नुभएको छ ।

उक्त टेलिसिरियलको छायाङकन रवि कोइरालाले गर्नु भएको छ । सह निंदेशकमा पुनम तामाङले रहनु भएको छ। श्याम के.सी.ले व्यवस्थापन गर्नुभएको हो । भिडियो सम्पादन प्रेम शर्मा पौडेलले गर्नुभएको छ ।

# अध्यक्ष ओलीको राजनीतिक प्रतिवेदन

काठमाडौं । पछिल्लो समय विश्वका तीन शक्ति राष्ट्र अमेरिका, चीन र भारतसँग तत्काल सल्ट्याउनुपर्ने नेपालका केही पेचिला विषय छन् ।

सन् १९५० को शान्ति र मैत्री सन्धि संशोधनसँग जोडिएको प्रबुद्ध समूहको प्रतिवेदन बुझ्न भारतले मानेको छैन । अमेरिकासँग मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) संसदबाट अनुमोदन गराउने विषय छ । अनि चीनसँग सन् २०१७ मा नै फ्रेमवर्क सम्झौता भएको बेल्ट एण्ड रोड इनिसिएटिभ अन्तर्गतका परियोजना छनोट गर्ने काम अगाडि बढ्न सकेको छैन ।

यी विषयमा प्रमुख राजनीतिक दल नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा ( माओवादी केन्द्र) र अन्य राजनीतिक दलहरू कि अस्पष्ट छन् कि त आन्तरिक रूपमा विभाजित । प्रमुख प्रतिपक्ष दल नेकपा एमालेको आइतबार सम्पन्न विधान महाधिवेशनमा अध्यक्ष केपी शर्मा ओलीले प्रस्तुत गरेको राजनीतिक दस्तावेज यी महत्वपूर्ण सवालमा मौन छ । प्रमुख प्रतिपक्ष यी महत्वपूर्ण विषयलाई कसरी अगाडि बढाउन चाहन्छ भन्ने विषयमा केही उल्लेख छैन ।

प्रायःजसो पार्टीका राजनीतिक दस्तावेजमा विदेश नीतिको विषय संक्षेपमा उल्लेख गरिन्छ । तर, ओलीले दस्तावेजमा नेपालको विदेश नीति र अन्तर्राष्ट्रिय परिवेशबारे निकै लामो चर्चा गरिएको छ । पार्टीको ९औं महाधिवेशनपछि दुईपटक पार्टी सरकार रहँदा वैदेशिक मामिलामा सरकारले गरेका कामहरूको फेहरिस्त प्रस्तुत गरिएको छ तर अहिले नै अगाडि बढाउनुपर्ने विषयमा भने केही पनि उल्लेख छैन ।

चर्चामा रहेको एमसीसीबारे ओलीको दस्तावेज मौन छ । एमसीसीका सम्बन्धमा देशव्यापी बहस भइरहँदा एमाले कार्यकर्ताले बन्दसत्रमा नै यस विषयमा पार्टीको धारणा माग गरे । तर, ओलीले यस विषयमा केही पनि बोलेका छैनन् । तर, अमेरिकाले अगाडि सारेको इन्डोप्यासिफिक रणनीति -आईपीएस) र यसले एशिया प्रशान्त क्षेत्रमा पार्ने प्रभावबारे भने उल्लेख गरिएको छ ।

ओली नेतृत्वको सरकारले जारी गरेको नयाँ नक्शाको विषय राजनीतिक दस्तावेजमा उल्लेख छ, तर भूमि फिर्ता ल्याउने विषयमा दस्तावेज स्पष्ट रूपमा बोलेको छैन ।

आईपीएसबारे दस्तावेजमा भनिएको छ, 'चीनसँगको सम्बन्ध लगायत प्रश्नमा युरोपले सापेक्ष स्वतन्त्र दृष्टिकोण राख्न थालेको छ । विश्व प्रतिस्पर्धाको केन्द्र एशिया-प्रशान्त क्षेत्र बन्न थालेको छ । अमेरिकाले अगाडि सारेको इन्डो-प्यासिफिक स्ट्राटेजी यसै विषयतिर लक्षित छ ।' तर आईपीएसको व्याख्या भने गरिएको छैन ।

त्यसैगरी ओलीको पहिलो र दोस्रो कार्यकालमा भारतसँग सम्बन्धका बारेमा विस्तृतमा उल्लेख गरिएको छ । नाकाबन्दीदेखि नयाँ नक्शा जारीसम्मका विषयहरूलाई विस्तृतमा चर्चा गरिएको छ । तर, तत्कालीन एमाले र माओवादीको संयुक्त चुनावी गठबन्धनले उठाएको सन् १९५० को सन्धि परिमार्जन र संशोधनको विषयमा दस्तावेजमा केही पनि उल्लेख गरिएको छैन ।

सन् १९५० लगायत दुईपक्षीय सन्धि संशोधन र पुनरावलोकन गर्न दुई देशको बीचमा सन् २०११ मा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराईको पालामा नै सैद्धान्तिक सहमति भए पनि प्रबुद्ध समूहको गठन भने ओलीको पहिलो कार्यकालमा भएको थियो । सो समूहको प्रतिवेदन भारतले अझै पनि बुझेको छैन तर, सो प्रतिवेदनमा सन् १९५० को सन्धिको बारेमा केही पनि उल्लेख गरिएको छैन । यस अगाडि हरेक दस्तावेजमा उठेका विषय दस्तावेजमा भने राखिएको छैन ।

ओली नेतृत्वको सरकारले जारी गरेको नयाँ नक्शाको विषय राजनीतिक दस्तावेजमा उल्लेख छ, तर भूमि फिर्ता ल्याउने विषयमा दस्तावेज स्पष्ट रूपमा बोलेको छैन । नयाँ नक्शा जारी गरिएको प्रसंग दुई ठाउँमा उल्लेख गरिएको छ । दस्तावेजमा भनिएको छ- 'कालापानी, लिपुलेक र लिम्पियाधुरालाई समेत मिलाएर प्रशासनिक-राजनीतिक नक्शा प्रकाशन गरेको छ । सर्वसम्मत रूपमा संविधान संशोधन गरेर नेपालको निशान छापमा नयाँ नक्शा समावेश गरिएको छ ।'

दस्तावेजमा दुई देशबीचका समस्यालाई जिम्मेवार कूटनीतिक पहलका माध्यमले समाधान गर्न चाहेको उल्लेख छ ।

त्रिदेशीय सहकार्यको पक्षमा

ओलीको दस्तावेजमा उल्लेख भएको विषय हेर्दा नेकपा एमाले चीनले अगाडि सारेको त्रिपक्षीय सहकार्य अवधारणाप्रति सकारात्मक रहेको छनक देखिन्छ । विशेषतः सन् २०१० देखि चीनले नेपाल, भारत र चीनको बीचमा त्रिपक्षीय साझेदारीको विषय उठाएको छ । जसलाई माओवादी अध्यक्ष पुष्पकमल दाहालले समर्थन गर्दै आएका छन् तर यस विषयमा ओलीको धारणा स्पष्ट थिएन ।

ओलीले प्रस्तुत गरेको राजनीतिक दस्तावेजमा भारत र चीनको बीचमा सहकार्य बढ्दै गएमा त्रिपक्षीय सहकार्यको सम्भावना बढ्ने उल्लेख छ । दस्तावेजमा भनिएको छ- 'चीन-भारतको सम्बन्धको प्रभाव नेपाल लगायत दक्षिण एशिया र समग्र विश्वमै गहिरो गरी पर्छ । हामी चीन र भारतबीचको सीमा समस्या लगायतका मतभिन्नताहरू चाँडै समाधान होउन् र दुई देशबीच सार्थक साझेदारी विकास होस् भन्ने चाहन्छौं । यसले विकास र सहयोगको त्रिदेशीय सहकार्यको सम्भावना पनि बढ्नेछ ।'

त्रिपक्षीय सहकार्यसँगै चीनले दक्षिणएशियामा टु प्लस वानको अवधारणा पनि अगाडि बढाएको छ । जसको अर्थ भारत र चीन मिलेर दक्षिण एशियाली मुलुकमा संयुक्त विकासमा परियोजनाहरू अगाडि बढाउने । सन् २०१८ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र चिनियाँ राष्ट्रपति सी जिन पिङको बीचमा भएको भेटवार्तामा यो सम्बन्धी विषय उल्लेख थियो । ओलीको दस्तावेजमा त्रिपक्षीय सहकार्यको सम्भावना ल्याइएको छ । अहिलेसम्म कुनै पनि राजनीतिक दलले यस सम्बन्धमा केही धारणा सार्वजनिक गरेका छैनन् ।

चीनको उच्च प्रशंसा

ओलीको दस्तावेजमा तीन मुलुकमध्ये सबैभन्दा धेरै चीनको प्रशंसा गरिएको छ । अनि चीनसँग आफूले अगाडि बढाएका विषयलाई विस्तृतमा उल्लेख गरिएको छ । दस्तावेजमा चिनियाँ विशेषता सहितको समाजवाद निर्माणमा चीनले हासिल गरेको प्रगति अभूतपूर्व रहेको उल्लेख गरिएको छ ।

दस्तावेजमा भनिएको छ- 'सन् २०20 मा चीनले आफ्ना सबै नागरिक गरीबीबाट मुक्त भएको घोषणा गरेको छ । चालीस वर्षको अवधिमा ८० करोडभन्दा बढी नागरिकलाई गरीबीबाट मुक्त गर्न सफल चीन विश्वमै उदाहरणीय बनेको छ । चीनले औसत रूपमा समृद्ध समाजवादी राष्ट्र बन्ने पहिलो शताब्दी लक्ष्य हासिल गरेको छ । यस सफलताका लागि चिनियाँ कम्युनिष्ट पार्टी र चिनियाँ जनता बधाईका हकदार छन् ।' त्यसैगरी दस्तावेजमा एक चीन नीतिप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको उल्लेख छ ।

ओकस सम्झौताले नयाँ बढाउने संश्लेषण

ओलीले दस्तावेजमा विश्व बहुध्रुवीय बनेको विश्लेषण गरेका छन् । विश्व शक्ति-सन्तुलनमा तीव्र परिवर्तन देखा परेको उल्लेख गर्दै उनले भनेका छन्- 'लामो समयसम्म युरोप-अमेरिका केन्द्रित विश्व ढाँचामाथि चीनको उदय, शक्तिशाली रार्ष्ट्रका रूपमा रूसको पुनरागमन, ब्रिक्स, साङ्घाई सहकार्य सङ्गठन लगायत क्षेत्रीय शक्ति र सङ्गठनहरूको भूमिकाले चुनौती दिएका छन् ।'

हालै अष्ट्रेलिया, बेलायत र अमेरिकाबीच भएको नयाँ रक्षा सम्झौताको प्रसंग पनि सो दस्तावेजमा छ । गत फेब्रुअरी १५ मा तीन देशको बीचमा सो सहमति भएको थियो । यतिबेला संसारभरि नै चर्चा भइरहेको सो सम्झौताको बारेमा भनिएको छ- 'हालै अष्ट्रेलिया, बेलायत र अमेरिकाबीच भएको नयाँ सुरक्षा सम्झौता -ओकस) ले यस क्षेत्रमा तनाव सिर्जना गरेको छ ।' तर यो सम्झौता के हो, किन तनाव सिर्जना गर्छ र नेपाल जस्तो मुलुकमा यसले कस्तो प्रभाव पार्छ भन्ने विषयलाई भने मूर्त रूपमा प्रस्तुत गरिएको छैन । सो सम्झौताको विषयमा विश्वभर चर्चा भइरहेको छ । चीनले यसलाई आफू विरुद्धको सम्झौता भनेको छ ।

अफगानिस्तानमा लोकतन्त्रको पक्षमा उभिनुपर्छ

ओलीको दस्तावेजमा अफगानिस्तानमा विकसित घटनाक्रमको बारेमा पनि विस्तृतमा उल्लेख गरिएको छ र नेपाल लोकतन्त्रको पक्षमा उभिनुपर्ने जिकिर गरिएको छ । तर दस्तावेजमा तालिबानको नाम भने लिइएको छैन । दस्तावेजमा अफगानिस्तानमा विकसित घटनाक्रम र त्यसले क्षेत्रीय शान्ति र स्थायित्वमा पार्ने प्रभावको बारेमा मात्र उल्लेख छैन,

बाँकी ६ पृष्ठमा

## हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७८ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना

मेगेन्द्र मेहेर श्रेष्ठ
अध्यक्ष
नेपाल औषधी व्यवासयी संघ

# भन्सार सहजीकरणका लागि नाडाको अनुरोध

काठमाडौं । नाडाका अध्यक्ष कृष्णप्रसाद दुलालको नेतृत्वमा गएको ६ सदसिय प्रतिनिधि मण्डलले भन्सार विभागका महानिर्देशक नारायणप्रसाद सापकोटालाई स्वागत गर्दै भन्सार विभागबाट हालै जारी भएको भन्सार निर्देसिका लगायतका विभिन्न विषयमा छलफल गरेको नाडाले जनाएको छ ।

उक्त भेटमा अध्यक्ष दुलालले नाडाले स्वच्छ व्यवसायमा विश्वास राख्दै आएको भन्दै नेपालको अटोमोवाइलक्षेत्र राज्यलाई सर्वाधिक राजश्व बुझाउने क्षेत्र भएको बताउनु भयो । छलफलको क्रममा अध्यक्ष दुलालले नाडा र भन्सार विभागविच सूचना आदान प्रदान गर्ने विषयमा सहकार्य गरेर अघि बढने विषयमा लिखित समझदारी समेत भईसकेको जानकारी दिनु भयो

उक्त छलफलमा महासचिव सुनिल रिजालले यच.यस कोड परिर्वन र साफटा सुविधा अन्तर्गत आउने अटोमोवाइल वस्तुहरुको बर्गिकरणमा स्पष्टता हुनु पर्ने बताउनु भयो । त्यसैगरी सो छलफलमा कोषाध्यक्ष सुरेन्द्र उप्रेतीले एल.सि खोली व्यवसाय गर्दा पनि भन्सार नाकाहरुमा पर्ने समस्याहरुबारे जानकारी गराउनु भयो ।

उक्त छलफलको क्रममा महानिर्देशक सापकोटाले विभागले व्यवसायीहरुका लागि सहजीकरण गरिने बताउनु हुंदै व्यवसायीहरुका लागि अनलाईन पेमेण्ट र भेहिकल स्क्यानरको व्यवस्था समेत गरिने बताउनु भयो । सो छलफलमा महानिर्देशक सापकोटाले भन्सार विभागले अव टूस्टेड ट्रेडर्सहरुको प्रोफाइल समेत तयार गर्न लागेको बताउनु हुंदै यसबाट व्यवसायीहरुलाई सहज हुने विश्वास लिएको बताउनु भयो ।

सो छलफलमा नाडाका सह कोषाध्यक्ष विक्रम सिंहानिया, केन्द्रीय कार्य समिति सदस्य शुभआसिस थपलिया तथा एशोसिएशन सचिव सुरेन्द्र प्रधान समेतको उपस्थिति रहेको थियो ।

# अहिंसा दिवसमा शान्ति ऱ्याली

काठमाडौँ । अन्तर्राष्ट्रिय अहिंसा दिवस २ अक्टोबरका अवसरमा मानवअधिकार तथा शान्ति समाजले आठ जिल्लामा शान्ति ऱ्याली निकालेको छ । काठमाडौँ, रुपन्देही, चितवन, दाङ, तेह्रथुम, कपिलवस्तु, अछाम र बाँके शाखाको आयोजनामा अहिंसा : पवित्र एवं गौरवमय मार्ग भन्ने सन्देशसहित शान्ति ऱ्याली निकालिएको शान्ति समाजका महासचिव रामकृष्ण बरालले राससलाई जानकारी दिनुभयो । शान्ति ऱ्यालीमा जुनसुकै प्रकारका हिंसालाई निरुत्साहित गर्ने कानूनी व्यवस्था कार्यान्वयनको माग गरिएको थियो ।

हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७८ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना



दिपेन्द्र कुमार कार्की
प्रवन्धक निर्देशक
भुवनेश्वरी एण्ड बैभव बिल्डर्स प्रा.लि

हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७८ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना


ठाकुरराज शर्मा
सदस्य केन्द्रीय सचिवालय कार्य व्यवस्थापन समिति राप्रपा

हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७८ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना

Salt Trading Corporation Limited
साल्ट ट्रेडिङ कर्पोरेशन.लि.




हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७८ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना

नेपाल पर्वता रोहन संघ परिवार

हार्दिक शुभकामना

नेपालीहरुको महान् चाड विजया दशमी, दिपावली, नेपाल सम्वत् र छठ २०७८ को अवसर सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपाली दाजुभाई तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना



रामवीर माननधर
प्रतिनिधिसभा संसद
नेकपा (एमाले)

# कांग्रेस चन्द्रागिरिमा घनश्याम गिरी निर्वाचित

काठमाडौँ । नेपाली कांग्रेस चन्द्रागिरि नगरपालिकाको सभापतिमा घनश्याम गिरी निर्वाचित हुनुभएको छ । चन्द्रागिरि नगरपालिकाको आइतबार राति सम्पन्न अधिवेशनबाट गिरी सर्वसम्मत सभापतिमा निर्वाचित हुनुभएको हो । उहाँ चन्द्रागिरि नगरपालिकाका निर्वाचित नगरप्रमुख समेत हुनुहुन्छ । यस्तै, दुई उपसभापतिमा राजेन्द्रविक्रम बानियाँ र इन्द्रावती श्रेष्ठ, दुई सचिवमा नविन महर्जन र राजेन्द्र महर्जन, दुई सहसचिवमा भुवन श्रेष्ठ र जीवनकुमारी गिरी, दुई कोषाध्यक्षमा विनु बस्नेत र मन्जयप्रकाश श्रेष्ठ निर्विरोध निर्वाचित हुनुभएको हो । चन्द्रागिरि नगरपालिका काठमाडौँ भित्रकै महानगरपालिका पछिको सबैभन्दा ठूलो नगरपालिका हो । यस नगरपालिकामा १५ वडा छन् । काठमाडौँभित्र सर्वसम्मत नेतृत्व छनोट हुने चन्द्रागिरि नगरपालिका पहिलो हो । यसअघि काठमाडौँ महानगरपालिका सहित आठ स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । कीर्तिपुर नगरपालिकाको सर्वसम्मत नेतृत्व चयन गर्ने भएकाले नेतृत्व चयनमा ढिला भएको हो ।

महामारीको बेला चाडवाड मनाउँदा ध्यानदिनुपर्ने कुराहरु

- सम्भव भएसम्म बजार र आफन्तकोमा नजाऔं,
- सामान खरिद गर्न जानै परे भीडभाडबाट बचौ, भौतिक दुरी कायम गरौं
- घरबाहिर निस्कनै परे मास्कको अनिवार्य प्रयोग गरौं,
- घर फर्किएपछि सकभर नुहाउने वा साबुनपानीले हात,मुख,गोडा राम्रोसँग धोऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस